# प्रथम परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी  क्याम्पस नेपाली शिक्षण समितिअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

खोलाघरे साहिँलो मोफसलका साहित्यकारहरूका माझमा अग्रपङ्क्तिमा आउने नाम हो । उनको जन्म २०१६ साल असार १३ गते पाँचथरको मौवामा भएको हो । उनी सानै उमेरदेखि साहित्यप्रति झुकाव राख्ने साहित्यकार हुन् । साहित्यका कविता, कथा, गजलजस्ता विधामा कलम चलाउने साहिँलोले आफ्नो साहित्यिक यात्रा वि.सं. २०३० बाट सुरुवात गरेका हुन् । विभिन्न पत्रपत्रिका साथै कृतिको समेत सम्पादन गरेर उनले सम्पादनात्मक क्षमताको कुशल प्रदर्शन गरेका छन् । उनका **आज एउटा जुलुस निस्कँदै छ** (२०५७) कवितासङ्ग्रह, **जिजीविषा रित्त रित्त** (२०६०) गजलसङ्ग्रह, **स्थापित/विस्थापित** (२०६३) कथासङ्ग्रह तथा **पाँचथरका नारी हस्ताक्षर** (२०६४) सम्पादन कृति, पुस्तकाकारका रुपमा प्रकाशित भएका छन् । यसैगरी उनका विभिन्न पत्रपत्रिकामा गीत, गजल, कविताजस्ता फुटकर रचनाहरू छरिएर रहेका छन् । उनी सामाजिक तथा साहित्यिक संघसंस्थामा समेत आबद्ध छन् । मूल पेसा शिक्षण भएतापनि नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई विभिन्न संघसंस्थाले समेत सम्मान गरेका छन् । खोलाघरे साहिँलो व्यक्तित्वका विभिन्न क्षेत्रमा फिँजारिएका छन् । त्यसैले उनको व्यक्तित्व बहुआयामिक प्रकृतिको देखिन्छ । उनले आफ्ना साहित्यिक रचनामार्फत समाजभित्रका जातीय तथा वर्गीय असमानतालाई व्यङ्ग्य प्रहार गरेका छन् । त्यस्तै प्रकृति, देशप्रेम, प्रीतिप्रणय, नारी अस्तित्वजस्ता विभिन्न पक्षहरूलाई उनले आफ्ना रचनाहरूको विषय बनाएका छन् । उनको भाषाशैली धेरै भद्दा र वस्तुपरक नभएर सरल, सहज तथा साहित्यिकताले निबद्ध

रहेको छ । समसामयिक विषयवस्तुले युक्त स्थापित/विस्थापित कथासङ्ग्रहको हालसम्म विधातात्त्विक अध्ययन नभएकाले सोही अध्ययन गर्ने उद्देश्यले यस शोधपत्रको विषय छनोट गरिएको हो ।

## १.४ समस्या कथन

प्रस्तुत शोधपत्रको मूल समस्या खोलाघरे साहिँलाको स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको छ । उनको स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययन गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरू रहेका छन् :

१. खोलाघरे साहिँलोको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

२. उनको साहित्यिक यात्रा के कस्तो देखिन्छ ?

३. विधा तत्त्वका आधारमा स्थापित/विस्थापित कथासङ्ग्रह के-कस्तो छ ?

उपर्युक्त समस्याहरूलाई नै यस शोधकार्यको मूल समस्याका रूपमा लिइएको छ । यिनै समस्याहरूको केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययनमा आधारित भई समस्या कथनमा उठेका समस्याहरूको ठोस, विस्तृत र तथ्यपरक अध्ययन-विश्लेषण गर्नका लागि प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छः

१. खोलाघरे साहिँलाको जीवनी र व्यक्तित्वका मूलभूत पक्षहरूको अध्ययन गर्नु ।

२. उनको साहित्यिक यात्राको सङ्क्षिप्त चर्चा गर्नु ।

३. उनको स्थापित/विस्थापित कथासङ्ग्रहको विधा तत्त्वका आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाई खोलाघरे साहिँलोले यसको श्रीवृद्धिमा इँटा थप्ने काम गरेका छन् । उनका बारेमा केही समीक्षकले केही पत्रपत्रिका र कृतिहरूमा सामान्य चर्चामात्र

गरेका छन् । उनका बारेमा आजसम्म जे-जति कार्य भएका छन्, तिनलाई सङ्क्षिप्त र कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

कृष्ण धरावासीले **जिजीविषा रिक्त/रिक्तं**(२०६२) गजलसङ्ग्रहको भूमिकामा भनेका छन्, "सम्प्रेष्य बौद्धिक र व्यङ्ग्यप्रधान उनका गजलले पाठकको मनलाई न्याय समातिहाल्छन् । अत्यन्त शिल्पयुक्त कविताझैँ पाठकमुखी भेटिन्छन् भनेका छन् उनका गजलहरू धनकुटे कान्छाले मोफसल साप्ताहिक (२०६३, साउन, ३०) मा मायापिरती र सस्तो नाराबाजीभन्दा माथि उठेर लेखिएका खोलाघरे साहिँलोका गजलहरू अर्थगत स्वयम् भावगत रूपमा निकै परिपक्व देखिन्छन् भनी टिप्पणी गरेका छन् ।

कृष्ण धरावासीले **स्थापित/विस्थापित** (२०६३) कथासङ्ग्रहको भूमिकामा सामाजिक यथार्थ, प्रगतिवाद तथा लीलाका बहुआयामिक छापहरू यी कथामा भरिभन्डै पाइन्छन्, कथाहरूमा रहेको गोलो पाटोले प्रत्येक पाठकलाई उठाउन र उभिन प्रेरित गर्छन् भनेका छन् ।

गोपाल भण्डारीले मर्निङ टाइम्स (२०६४ माघ १४) मा **स्थापित/विस्थापित** (२०६३) कथासङ्ग्रहको समीक्षा गर्ने क्रममा भनेका छन् । विश्वसनीय भावपरिमण्डल भएको नारी मनका आन्तरिक पीडाहरूलाई साह्रै राम्ररी बाहिर ल्याइएको र नेपाली समाजका द्वन्द्व पीडाले सताइएका अनुहारहरू यस सङ्ग्रहमा भेटिन्छन् ।

मिश्र वैजयन्तीले **पाँचथरका नारी हस्ताक्षर** (२०६४) को भूमिकामा एउटा स्थानविशेषलाई ध्यानमा राखेर नारीका रचनाहरूलाई मात्र समेटी सङ्ग्रह निकाल्नुपर्ने कारण नारीहरूलाई साहित्यिक अग्रसरतामा ल्याउनु नै हो । खोलाघरे साँल्दाइले पाँचथरका नारी हस्ताक्षरलाई यसरी समेटेर प्रशस्त लेखेर छापामा आउन नसकेका नारीहरूलाई नेपाली साहित्यको मूल प्रवाहमा ल्याइदिएर बिर्सिनसक्नुको गुन भएको छ भनी आफ्नो दृष्टिकोण राखेकी छिन् ।

खोलाघरे साहिँलोका बारेमा अहिलेसम्म भएका चर्चाहरू यिनै हुन् । यस्ता टीकाटिप्पणीले साहिँलोलाई साहित्यिक क्षेत्रमा स्थापित गराउन सहयोग गरेका छन् र यी सामग्रीले शोधकार्यका लागि पनि सकारात्मक सहयोग गरेका छन् । तर अहिलेसम्म उनको स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक रूपमा व्यवस्थित अध्ययन-अनुसन्धान हुन भने सकेको छैन । यस कृतिका बारेमा आजसम्म जे-जति अध्ययन भएका छन् ती अधुरा नै देखिन्छन् । त्यसैले यहाँ विस्तृत विवेचना गर्ने उद्देश्य राखी खोलाघरे साहिँलोको स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार खोलाघरे साहिँलोलाई नेपाली साहित्यजगत्का माध्यमबाट सबैमा चिनाउने प्रयास गरिएको छ । यस्तै नेपाली साहित्यको विकासका लागि खोलाघरे साहिँलोले पुऱ्याएको मुख्य योगदानलाई व्यवस्थितरूपले प्रस्तुत गरिएको छ । स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययनमा केन्द्रित भई अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिने हुनाले शिक्षक, विद्यार्थी, शोधार्थी र पाठकका लागि उपयोगी हुनेछ । यसअघि प्रस्तुत स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययन नभएकाले उक्त कार्य नै यस शोधपत्रको औचित्य हो ।

## १.८ शोध कार्यको सीमाङ्कन

साहित्यकार खोलाघरे साहिँलोले नेपाली साहित्यका विविध क्षेत्रमा कलम चलाएका छन् । उनका साहित्यिक रचनाहरू केही प्रकाशित र केही अप्रकाशित रहेका छन् । यस शोधपत्रमा उनका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित कृतिमध्ये स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक मात्र व्याख्या-विश्लेषण गरिएको छ । अन्य रचनाहरूले भने यस शोधपत्रमा प्रमुख चर्चा पाएका छैनन् । यही नै यस शोधपत्रको सीमाङ्कन रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रका लागि साहित्यकार खोलाघरे साहिँलोको स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययनमा पुस्तकालयीय अध्ययन पद्धतिद्वारा सामग्री सङ्कलन गरिएको छ ।

यसमा उनको जीवनीको अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ र कृतिको विधातात्त्विक एवम् प्रवृत्तिगत अध्ययन विधिलाई आधार मानिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित-व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ :

१. **पहिलो परिच्छेद** : शोध परिचय

२. **दोस्रो परिच्छेद** : खोलाघरे साहिँलाको जीवनी र व्यक्तित्व

**३. तेस्रो परिच्छेद** : खोलाघरे साहिँलाको साहित्यिक यात्रा

**४. चौथो परिच्छेद** : स्थापित/विस्थापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययन

**५. पाचौँ परिच्छेद** : उपसंहार

सन्दर्भ सामग्री सूची

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजित गरी अध्ययन गरिएको छ ।

# दोस्रो परिच्छेद

# खोलाघरे साहिँलाको जीवनी र व्यक्तित्व

## परिचय

खोलाघरे साहिँलो पिता मोहनलाल अधिकारी र माता मनोरमा अधिकारीका छोराहरूमध्येका साहिँला छोरा गङ्गाप्रसाद अधिकारी हुन् । उनको जन्म पहाडी जिल्ला पाँचथरको मौवा गा.वि.स. वडा. नं. १ डाँडागाउँमा वि.सं. २०१३ असार १३ गते भएको हो । वि.सं. २०३१ वैशाख १८ गतेका दिनमा उनको सरस्वती रिजालसँग मागी विवाह भएको हो । उनका दुई छोरा र एक छोरी छन् ।

## २.१ जन्म र जन्मस्थान

खोलाघरे साहिँलाको जन्म वि. स. २०१३ असार १३ गते नेपालको सुदूरपूर्वस्थित मेची अञ्चलअन्तर्गतको पहाडी जिल्ला पाँचथरको मौवा गा.वि.स. वडा. नं. १ डाँडागाउँमा पिता मोहनलाल अधिकारी र माता मनोरमा अधिकारीका साहिँला सुपुत्रका रूपमा भएको हो । उनको वास्तविक नाम गङ्गाप्रसाद अधिकारी भए तापनि उनी नेपाली साहित्यमा खोलाघरे साहिँलो उपनामबाट परिचित छन् । घर खोलाको छेउमा भएकाले अनि पुत्रवंशक्रममा साहिँलो सन्ततिका रूपमा जन्मिएकाले उनी आफ्नो वास्तविक नामलाई परिधिमा राख्दै खोलाघरे साहिँलो उपनामबाट नै साहित्यिक क्षेत्रमा परिचित भएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.१ बाल्यकाल

मानवको जीवनयात्राको प्रारम्भ बाल्यावस्थाबाट नै हुन्छ । हरेक मान्छे अतीततर्फ फर्कन चाह्यो भने आफ्नो बाल्यकाललाई नै सम्झन पुग्छ । यस कालमा बालबालिकाहरू बढी मनोरञ्जन गर्ने, खेलकुदमा सहभागी बन्ने जस्ता बालसुलभ क्रियाकलापमा संलग्न हुन रुचाउँछन् । अनेकन व्यावहारिक उल्झनबाट मुक्त हुने यो उमेर बढी स्वतन्त्रताप्रिय हुन्छ तर कुनै पनि शारीरिक तथा मानसिक समस्याहरू देखापरे भने त्यसले दीर्घकालीन असर पुऱ्याउँछ र उसको व्यक्तित्व विकासमा समेत असर पर्दछ । खोलाघरे साहिँलाले आफ्नो बाल्यकाल आफू जन्मेकै स्थान अर्थात् मौवावरिपरि बिताएको देखिन्छ । उनी मौवाको वातावरण र बालसखाहरूसँगको मनोरञ्जन तथा परिवारको सस्नेहपूर्ण हेरचाहसँगै बाल्यकाल बिताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । उनको बाल्यकालीन जुन

मिजासिलो व्यक्तित्व छ, त्यसको निर्माणमा आफ्नी ममतामयी माता मनोरमाको प्रभाव परेको पाइन्छ । शिष्टपन, धैर्य, मिठास भाषा, सरल स्वभावजस्ता आमाको गुण र व्यवहारबाट उनी प्रभावित देखिन्छन् । उनी बाल्यकालमा सरल, सहनशील, दुःख परे तापनि नआत्तिने शान्त स्वभावका व्यक्तिका रूपमा चिनिन्छन् । उनको यही बाल्यकालीन व्यक्तित्वको प्रभाव पछिल्लो समयसम्म परेको पाइन्छ ।

### २.१.२ शिक्षादीक्षा

खोलाघरे साहिँलाले प्रारम्भिक शिक्षा गाउँकै श्री इन्द्रेणी मा.वि.बाट लिएका हुन् । त्यसपछि पारिवारिक वाध्यताले गर्दा बसाइँसराइ भई इलामको फुएँतप्पा आएका उनी यहाँस्थित श्री विष्णु मा.वि. मा अध्ययन गर्न सुरु गर्छन् (शोधनायकबाट प्राप्त जानकारी) । शिक्षाकै क्रममा संस्कृत भाषासाहित्यको मोहले गर्दा उनी हरिद्वार भारतमा रहेको चेतनज्योति संस्कृत विद्यालयमा भर्ना हुन पुग्छन् र यस विद्यालयबाट सफलतापूर्वक पूर्वमध्यम उत्तीर्ण हुन्छन् (योगेन्द्र अधिकारी) । त्यसपछि उनले बनारसमा रहेको नेपाली संस्कृत महाविद्यालयबाट शास्त्री उत्तीर्ण गरेका छन् । संस्कृत भाषा साहित्यको मोहसँगै उनमा आधुनिक भाषातर्फको झुकावसमेत देखिन्छ । भारत प्रवासबाट स्वदेश फर्केपछि उनले महेन्द्ररत्त क्याम्पस इलामबाट आई.ए. उत्तीर्ण गरेका छन् । त्यसपछि बी.एड्.पढ्न उनी जनकपुर क्याम्पस आइपुग्छन् । अध्ययनकै निरन्तरताका सिलसिलामा उनले विश्वविद्यालय क्याम्पस, कीर्तिपुरबाट वि.सं. २०४९ मा नेपाली मूल विषय लिई स्नातकोत्तर उत्तीर्ण गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । हाल उनी श्री दुर्गा उच्च मा.वि. रवि पाँचथरमा शिक्षण पेसामा संलग्न रहेका छन् । उनले स्नातकोत्तरसम्मको औपचारिक अध्ययन गरी आफ्नो शैक्षिक व्यक्तित्वलाई प्रगाढ बनाएका छन् । यसका साथै स्वाध्ययनको तीव्र इच्छाले उनको विद्वत् व्यक्तित्व अझै खारिएको पाइन्छ । संस्कृत साहित्यप्रतिको अभिरुचिले गर्दा पूर्वीय साहित्यिक मान्यतासँग उनी परिचित हुन पुगेका छन्, जसको प्रत्यक्ष प्रभाव उनको साहित्यिक रचनाभित्र देख्न पाइन्छ । भारत बसाइका कारणबाट उनको हिन्दी भाषा पनि शुद्ध देखिन्छ । हिन्दी भाषामा रचित उनका गजलहरूले यस कुराको पुष्टि गर्दछन् । यसरी खोलाघरे साहिँलो अध्ययनबाट संस्कृत तथा हिन्दी भाषा र मातृभाषा नेपालीभित्रका विविध संरचना र प्रवृत्तिहरूको जानकारी लिन पुग्छन् र आफ्नो व्यक्तित्वलाई फराकिलो बनाउँछन् । उनी अद्यापि चिन्तन-मनन तथा अध्ययन-अनुसन्धानजस्ता कार्यहरूमा लागिरहेकै छन् ।

### २.१.३ पारिवारिक स्थिति

व्यक्ति परिवारसँग आबद्ध रहेको हुन्छ । जीवनयात्राका क्रममा व्यक्तिको परिवारका विभिन्न सदस्यहरूसँग सम्बन्ध जोडिएको हुन्छ । संयोग-वियोग, हर्ष विस्मत्‌जस्ता अनुभव र अनुभूतिसँगै व्यक्तिको जीवन अघि बढिरहेको हुन्छ । दाम्पत्य जीवन, सन्तान, परिवारको जन्म, मरण तथा आर्थिक अवस्था आदिले व्यक्तिको पारिवारिक स्थितिलाई देखाउँछ ।

#### २.१.३.१ दाम्पत्य जीवन र छोराछोरी

साहित्यकार खोलाघरे साहिँलो १८ वर्षको उमेरमा विवाहबन्धनमा बाँधिएका हुन् । उनको वि. सं. २०३१ वैशाख १८ गते पाँचथर मेहेलबोटेकी सरस्वती रिजालसँग मागी विवाह भएको हो ( खोलाघरेका पुत्र योगेन्द्र अधिकारीबाट प्राप्त जानकारी) । बीहेपछि पनि पढाइलाई निरन्तरता दिनुपर्दा उनले घरव्यवहारमा धेरै समय दिन नसकेको पाइन्छ । आफ्नो कार्यक्षेत्र शिक्षण भएकाले साहित्यिक गतिविधिमा पनि उत्तिकै संलग्न रहनुपरेकाले पछिल्लो समयसम्म पनि आफ्ना सन्तानको लालनपालनदेखि लिएर घरको सबैजसो व्यवहार श्रीमती सरस्वतीले सञ्चालन गर्नुपरेको देखिन्छ ।

साहित्यकार खोलाघरे साहिँलाको ३ जना छोराछोरी तीन रहेको छन् । जेठा छोरा भुवनेश्वर अधिकारी रोजगारीका सिलसिलामा अमेरिकामा छन्-भने कान्छा छोरा योगेन्द्र अधिकारी काठमाडौँमै प्राध्यापनरत देखिन्छन् । यी दुवै छोराले अहिलेसम्म विवाह नगरेको पाइन्छ । एउटी मात्र छोरी इन्दु अधिकारीको भने विवाह भएको छ । उनी बुहारी बनेर भक्तपुरमा बस्तै आइरहेकी छिन् । इन्दुको एक सुपुत्र रहेका छन्

#### २.१.३.२ पारिवारिक वियोग

पारिवारिक वियोगको कुरा गर्दा खोलाघरे साहिँलाको दोस्रो सन्तानले जन्मनेबित्तिकै यस संसारलाई छाडेको देखिन्छ । उनमा मातृवियोग र पितृवियोगको पीडा पनि रहेको छ । यस किसिमको परिवारको दुःखद् अन्त्यले उनलाई मर्माहित बनाएको छ । यस्ता सन्दर्भहरू झिक्दा उनी भावुक हुन पुग्छन्  (खोलाघरेका पुत्र योगेन्द्र अधिकारीबाट प्राप्त जानकारी) ।

## २.१.३.३ आर्थिक अवस्था

खोलाघरे साहिँलो मध्यम वर्गीय व्यक्ति हुन् । उनको सम्पत्तिका नाममा अथाह धनराशि पनि नभएको र आफ्नो परिवार पाल्नपनि मुस्किल पर्ने अवस्था नरहेको थाहा पाइन्छ । सुरुका समयमा आफू रोजगार नरहँदा भने साहिँलाले आर्थिक कठिनाइसँग जुध्नुपरेको देखिन्छ । तर शिक्षण पेसामा संलग्न भएपछि उनलाई गर्जो टार्न मुस्किल पर्दैन, जेठा छोरा अमेरिकामा रहनुले तथा कान्छा छोरा काठमाडौंमा प्राध्यापनरत् रहनुले वर्तमानमा उनको आर्थिक अवस्था बलियो नै देखिन्छ ।

वर्तमानमा खोलाघरे साहिँलाको इलाममा केही खेतबारी रहेको जानकारी पाइन्छ । यसबाहेक उनले आफ्नै कमाइबाट झापास्थित बिर्तामोडमा घडेरी जोडेका छन् । समग्रमा पहिले आर्थिक अवस्था मध्यमस्तरीय देखिए पनि पछिल्लो समयमा केही बलियो नै पाउन सकिन्छ ।

## २.१.४ हालको बसोबास

खोलाघरे साहिँलाको पुर्ख्यौली स्थल पाँचथरको मौवा हो । उनले आफ्नो बाल्यकाल त्यहीँ नै बिताए अनि प्रारम्भिक शिक्षा पनि स्थानीय विद्यालयबाटै प्राप्त गरेको देखिन्छ । अहिले सपरिवार इलामको फुएँतप्पा गा.वि.स. वडा नं. ५ मा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । (योगेन्द्र अधिकारी)

## २.१.५ कार्यक्षेत्र

हरेक व्यक्तिले जीवनको निर्वाहका लागि एउटा न एउटा कार्यक्षेत्र रोजेकै हुन्छ र सम्बन्धित क्षेत्रमा संलग्न रहेर स्वकार्य अगाडि बढाई आफ्नो र परिवारको गुजारा चलाएको हुन्छ । खोलाघरे साहिँलो आफ्नो जीवनमा प्राप्त शैक्षिक उपलब्धिलाई आत्मसात् गर्दै शिक्षा क्षेत्रमा संलग्न रहँदै आएका छन् । आफूले प्राप्त गरेका ज्ञानका स्रोतहरूलाई शिष्यशिष्यमा बाँड्नमा उनको वर्तमान व्यतीत भइरहेको छ । उनले कार्यक्षेत्र श्री दुर्गा उच्च मा.वि. रवि, पाँचथरलाई बनाएका छन् र यही संस्थाप्रति उनी संलग्न रहेका छन् । (टीका भट्टराई) यसका अलावा उनी साहित्यक्षेत्रतर्फ पनि उत्तिकै सक्रिय सहभागिता जनाइरहेका छन् र नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण टेवा पुऱ्याउने काम गरिरहेका छन् ।

## २.१.६ साहित्यलेखन

साहित्यकार समाजसुहाउँदो जीवनोपयोगी साहित्य लेख्न रुचाउँछ । आफ्ना लेखरचनाहरूले समाज र राष्ट्रका विविध परिस्थितिहरूलाई प्रतिविम्बित गर्न सकून् भन्ने अभीष्ट जोकोही साहित्यकारमा रहेकै हुन्छ । त्यसैले खोलाघरे साहिँलो पनि यसबाट पृथक् रहन सक्दैनन् । उनी वि.सं. २०३० बाट साहित्यक्षेत्रमा देखापरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । उनी साहित्यक्षेत्रमा संलग्न रहनुको पछाडि धेरैको प्रेरणा र प्रभाव प्राप्त भएको छ, जसको फलस्वरूप उनले विभिन्न पुस्तकाकार कृति र फुटकर रचनाहरू प्रकाशित गरेका छन् ।

### २.१.६.१ प्रेरणा र प्रभाव

खोलाघरे साहिँलो साहित्यमा प्रवेश गर्दा विभिन्न व्यक्ति तथा स्थानबाट प्रभावित भएका देखिन्छन् । उनी जन्मेको स्थान, शैक्षिक प्रगतिका लागि गरिएको देशदेशावरको यात्रा आदिले उनमा साहित्यिक वीज उम्रिएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । भारतीय भूमि त उनको मुख्य प्रेरणाको स्रोत नै मान्नुपर्छ, किनभने त्यहीँको परिवेशमै हुर्किएर उनले सिर्जनालेखनलाई गति दिएका हुन् । हिन्दी भाषाका रचनाहरू हेर्दा पनि उनको प्रेरणाभूमि भारत नै ठहर्छ । यस्तै प्रेरणास्रोत व्यक्तिहरूमा अग्रज साहित्यकारहरूलाई उनी अगाडि उभ्याउँछन् । त्यस्ता अग्रजहरूमा उनी देवकोटाप्रति बढी झुकेका छन् (साहिँलो २०५७ : १) । अनि साहित्यकार कृष्ण धरावासी, विवश पोखरेल, कृष्णभूषण बल तथा चन्द्रमणि अधिकारीको प्रत्यक्ष प्रभाव उनमा परेको देखिन्छ । (साहिँलो २०६३ : ६३) । आफ्ना आमा, बुवा, गुरूवर्ग, अध्ययनका सहपाठी तथा साहित्य चर्चामा संलग्न मित्रमण्डलीबाट पनि प्रत्यक्ष-परोक्ष प्रभाव परेको कुरा उनले आफ्ना कृतिभित्र दिएका मन्तव्यहरूबाट थाहा पाइन्छ । यिनै स्थान र व्यक्तित्वहरूको प्रभाव र प्रेरणाबाट खोलाघरे साहिँलाले आफ्नो साहित्यिक यात्रालाई गति दिएका हुन् ।

### २.१.६.२ साहित्यिक लेखनको प्रारम्भ र प्रकाशित कृतिहरू

खोलाघरे साहिँलाले वि. सं. २०३० बाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन् । उनको प्रथम रचना र **गरिबको विलाप** कविता हो (साहिँलो, २०५७ : १) यो कविता नेपाली छात्रसङ्घ हरिद्वार ( भारत) को वार्षिक मुखपत्रमा प्रकाशित भएको थियो । उनले नेपाली साहित्यका कविता, कथा, गजलजस्ता विधा-उपविधामा कलम चलाएका छन् । यस्तै नवोदित विभिन्न स्रष्टाहरूका रचनालाई

बाहिर ल्याई सम्पादन कार्यलाई समेत अगाडि बढाएका छन् । उनका अहिलेसम्म जम्मा चारओटा कृतिहरू प्रकाशित भएका छन् । उनका ती कृतिहरूलाई कालक्रमिक रूपमा निम्नअनुसार देखाइन्छः -

| क्र. सं. | प्रकाशित कृति | प्रकाशित वर्ष | विधा |
|---|---|---|---|
| १. | आज एउटा जुलुस निस्किँदैछ । | २०५७ | कवितासङ्ग्रह |
| २. | जिजीविषा-रिक्त/रिक्त । | २०६२ | गजल गङ्ग्रह |
| ३. | स्थापित-विस्थापित । | २०६३ | कथासङ्ग्रह |
| ४. | पाँचथरका नारी हस्ताक्षर -१ | २०६४ | लेख, कथा, कविता, गीत, तथा गजलको सङ्ग्रह (सम्पादन) |

खोलाघरे साहिँलाका अन्य फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

## २.१.७ पुरस्कार तथा सम्मान

जसले समाज तथा राष्ट्रका लागि कुनै न कुनै क्षेत्रबाट कुनै न कुनै रचनात्मक कार्य गर्छ, त्यस्तो समाजसेवी व्यक्ति उसको कामअनुसार प्रशंसित हुन पुग्छ । आफूले गरेका सकारात्मक कामको कदरस्वरूप नै व्यक्तिले पुरस्कार तथा सम्मान पाउने गर्छ अनि यस किसिमको सम्मानित व्यक्ति अझै आफ्नो कार्यप्रति सक्रिय हुन्छ र उसमा काम गर्ने हौसला अझै बढेर आउँछ । खोलाघरे साहिँलो साहित्यक्षेत्रमा पुऱ्याएको योगदानस्वरूप विभिन्न सङ्घ, संस्थाबाट सम्मानित भएका छन् । उनी वि.सं. २०६० मा अञ्चलन साहित्य समाज, पाँचथरबाट अभिनन्दित भएका छन् । यस्तै वि.सं. २०६४ मा उनी महानन्द पुरस्कारबाट समेत पुरस्कृत बनेका छन् (साहिँलो, २०६३ : ८०) । उनलाई २०६४ सालमै सामना साहित्यिक परिवार पाँचथरले सम्मानित गरेको छ (साहिँलो, २०६३ : ८०) । उनी यस किसिमको सम्मानबाट आफूलाई साहित्यलेखनतर्फ अझै बढी हौसला मिलेको बताउँछन् ।

## २.१.८ संलग्नता

साहित्यकार खोलाघरे साहिँलो विभिन्न साहित्यिक तथा सामाजिक सङ्घसंस्थाहरूमा संलग्न हुँदै आफ्नो सक्रिय व्यक्तित्वलाई अगाडि बढाउँदै आइरहेका छन् । उनको संलग्नताबाट साहित्य र समाज दुवै फलीभूत बनेका छन् । उनको मुख्य संलग्नता श्री दुर्गा उ.मा.वि. मा भए पनि अन्य विभिन्न

संस्थामा समेत उनले आफूलाई आबद्ध गरेका छन् । उनी संलग्न भएका त्यस्ता संस्थाहरू निम्नअनुसार रहेका छन् (साहिँलो, २०६४ : १०८) :

१. वाणी प्रकाशन, विराटनगर-सदस्य

२. जीवन स्मृति प्रतिष्ठान, दमक - आजीवन सदस्य

३. नेपाल रेडक्रस सोसाइटी, पाँचथर शाखा- आजीवन सदस्य

४. रवि किरण- पाक्षिक (२०५८) -सम्पादक

५. रवि साप्ताहिक - (२०५९-२०६१) सम्पादक

## २.१.९ भ्रमण

हाल फुएँतप्पा इलाममा बस्दै आएका खोलाघरे साहिँलो श्री दुर्गा उच्च मा.वि. रविमा कार्यरत शिक्षक हुन् । उनले अध्ययनका सिलसिलामा नेपाल तथा भारतका विभिन्न स्थलहरूको भ्रमण गरेका छन् । उनले यात्रामा नेपालभित्र पूर्व-पश्चिमका विभिन्न २० वटा जिल्लाका विभिन्न स्थानको भ्रमण गरेका छन् । यस्ता स्थानहरूको भ्रमण गरी त्यहाँको स्थानीय वातावरणसँग पनि परिचित भएका छन् । यसैगरी उनले छिमेकी देश भारतका हरिद्वार तथा वनारससम्मको यात्रा गरेका छन् । प्रवास भ्रमणबाट उनले त्यहाँको भाषा, संस्कार, सभ्यताका बारेमा प्रशस्त जानकारी लिएका छन् ।

## २.१.१०. रुचि तथा स्वभाव

हरेक मानिसका आ-आफ्नै रूचि तथा स्वभाव हुने गर्छन् । स्वभावकै कारणले व्यक्तिहरू भिन्नाभिन्नै प्रकृतिका देखिन्छन् । खोलाघरे साहिँलो गम्भीर स्वभावका छन् । उनलाई कोलाहलपूर्ण वातावरणभन्दा शान्त, एकान्त स्थल मन पर्छ । त्यही एकान्त स्थलको उपयोग गरेर नै उनले आफ्ना साहित्यिक कृतिहरू सिर्जना गरेका छन् । उनी गीतसङ्गीतका पनि सौखिन छन् । फुर्सदका समयमा उनी गीत सुन्छन् । गीतमा उनलाई लोक र आधुनिक दुवै मन पर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हालखबर थाहा पाउन उनी रेडियो सुन्ने तथा पत्रपत्रिका पढ्ने गर्छन् । पत्रपत्रिकाका तार्किक लेखरचना पढ्ने बानी उनमा रहेको छ । साहित्यिक समालोचनात्मक लेखमा उनको बढी चासो देखिन्छ । खानामा उनी सामान्य दाल, भात, अचार, बढी मन पराउँछन् । (योगेन्द्र अधिकारी) उनलाई आफ्नो र परिवारका बारेमा कसैले कुरा काटेको पटक्कै मन पर्दैन । 'आफू भलो त जगत् भलो' भन्ने सोचाइ

भएका उनी आफूलाई आफैंले मात्र राम्ररी चिनेको धारणा राख्छन् । कुरा काट्नेका पछि नलागी आफ्नो कार्य गर्छन् । हिँडडुल गर्ने बानीले उनले देशविदेशका विभिन्न स्थानको भ्रमण गरिसकेका छन् । उनी लवाइमा सामान्य किसिमका पोसाक पहिरिन्छन् । सर्ट, पाइन्ट, कोट, टोपी उनलाई मन पर्ने पोसाक हुन् ।

उनी परोपकारपूर्ण कार्यमा पनि रुचि राख्छन् । सामाजिक कार्यहरूमा उनलाई जहिल्यै अग्रसर भएको पाइन्छ । जाँडरक्सी खाने, जुवातास खेल्नेजस्ता बानी भएका व्यक्ति उनलाई मन पर्दैन । उनी समाजबाट यस्ता व्यभिचारपूर्ण कार्य रोक्ने पक्षमा देखिन्छन् । समग्रमा उनी सामान्य जनजीवन रुचाउने तथा सामाजिक मेलमिलाप चाहने व्यक्ति हुन् ।

### २.१.११ साहित्यिक मान्यता

साहित्यकारमा साहित्यिक रचनासम्बन्धी आफ्नै चिन्तन रहेको हुन्छ । त्यही चिन्तनमा आधारित भएर उनीहरू साहित्यिक रचना रच्दछन् । आफ्ना अनुभूतिलाई सक्रिय बनाएर यथार्थभित्र कल्पना तत्त्वको सम्मिश्रण गराउँदै रचनागत सौन्दर्यलाई प्रस्फुटित गर्ने उद्देश्य नै सर्जकहरूमा रहेको हुन्छ भन्ने खोलाघरे साहिँलाको पनि साहित्यसम्बन्धी आफ्नै मान्यता रहेको छ । उनी जीवन भोग्नलाई चाहिने रहरहरूलाई रचनाभित्र पोख्छन् । उनको मान्यता छ कि आफ्नो परिवेश र तत्जन्य अवस्थाहरू उतार्न साहित्यले सक्नुपर्छ । मान्छेको मनमनभित्रका रहर र खुल्दुलीहरू, तिनले बनाएका समस्याहरू अनि भविष्यका अन्योलहरूतिर सङ्केत गर्ने सिर्जनाको आवश्यकता उनी ठान्छन् । उनको यही मान्यता नै उनका रचनाहरूको विशिष्टता हो ।

## २.२ खोलाघरे साहिँलाको व्यक्तित्व

व्यक्तिभित्रको क्षमताले उसको व्यक्तित्वको निर्धारण गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा विभिन्न पक्षहरूले भूमिका खेलेका हुन्छन् । व्यक्तित्वले मानसिक प्रक्रियामा एकरूपताको निर्माण गर्दछ । यहाँ एकरूपता भनेको परिवेशअनुरूपको एकरूपता हो । समाज दिनदिनै बदलिँदो छ । राष्ट्र छिनछिनमा नयाँनयाँ मूल्यहरूसँगै परिवर्तित हुँदै गइरहेको छ । यस किसिमको बदलिँदो परिवेश र परिस्थितिमा व्यक्तिको अन्तर्निहित प्रतिभाले एउटा विशिष्ट प्रभाव जमाउन सक्नुपर्छ । परिस्थितिअनुकूल चल्न सक्ने र प्रत्येक श्रणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो (ओझा, १९७५ : ३१) । व्यक्तित्व निर्माणमा मानिसका जीवनभोगाइमा आउने विविध घटना, जीवनका चाप-

प्रतिचाप, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, मोड-प्रतिमोड , आरोह-अवरोहहरू को प्रमुख भूमिका रहन्छ । यस्तै ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ (लुइँटेल, २०४६: २२) । साहित्यकार खोलाघरे साहिँलो एक साहित्यसर्जक व्यक्तित्व हुन् । उनीभित्र विशेषतः साहित्यिक व्यक्तित्व निहित छ । यसका अलावा अन्य विविध पक्षले पनि उनको व्यक्तित्व निर्माणमा भूमिका खेलेका छन् । यहाँ उनको व्यक्तित्वका विभिन्न पाटालाई निम्नअनुसार प्रस्ट्याइन्छ ।

## २.२.१ आन्तरिक व्यक्तित्व

व्यक्तिका आचरण, स्वभाव, रुचिजस्ता कुराहरू आन्तरिक व्यक्तित्वभित्र पर्दछन् । खोलाघरे साहिँलाको आन्तरिक व्यक्तित्व हेर्दा उनी केही गम्भीर तथा शान्त स्वभावका देखिन्छन् । उनी अरूको दु:खमा सहयोग गर्ने प्रेरणादायी व्यक्तित्वका रूपमा चिनिन्छन् । उनी साथीभाइसँग सहजै घुलमिल गरी आफ्नो मिलनसारिता प्रकट गर्न सक्षम छन् । ब्राह्मण वंशपरम्परामै जन्मिएका भए तापनि उनमा जातीय विभेदका निकृष्ट सोचाइहरू कहिल्यै आएनन् । उनी विचार र व्यवहारमा विश्वास गर्छन् तर जाति, लिङ्ग, धर्मका नाममा हुने भेदभावप्रति कहिल्यै विश्वास गर्दैनन् । उनी स्वावलम्बी छन् । पेसाप्रतिको वफादारितालाई उनी सदैव पालन गर्छन् । जीवन एकपटक आउँछ, तसर्थ यस जीवनलाई खेर नफाल, केही न केही उपलब्धिमूलक काम गर भन्ने सोचाइका साहिँला सादा जीवन उच्च विचारमा विश्वास गर्छन् । समग्रमा उनको आन्तरिक व्यक्तित्वभित्र सरल, सहयोगी, शान्त, स्वावलम्बी गुणहरू अन्तर्निहित देखिन्छन् ।

## २.२.२ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व व्यक्तिको शारीरिक बनावटसँग सम्बन्धित हुन्छ । यसअन्तर्गत व्यक्तिको मुखाकृति, पहिरन, लवाइखवाइ आदिसँग सम्बन्धित कुराहरू पर्दछन् । यसरी हेर्दा साहित्यकार खोलाघरे साहिँलो निम्नलिखित प्रकृतिका देखिन्छन् ।

खोलाघरे साहिँलाको मुखाकृति उज्ज्वल देखिन्छ । हँसिलो चेहराका धनी उनी छरितो, फुर्तिलो देखिन्छन् । सामान्य मानिसभन्दा उनको जिउडाल केही पातलो छ र केही अग्ला पनि छन् । गालाभरि दाह्री अनि ओठभरि जुँगा भएका साहिँलो कतै हिँड्दा दाह्रीजुँगा काटेर चिटिक्क बनेर निस्कन्छन् । उनको मुख्य पोसाक भनेको पाइन्ट र सर्ट हो । यस पोसाकमा हिँड्दा पनि उनी शिरमा लगाउने

राष्ट्रियशान ढाकाटोपी कहिल्यै छोड्दैनन् । लाम्चो निधारमा रातो टीका सदैव रहेको हुन्छ । अर्कासँग नसुहाउने कुरामा उनी कहिल्यै विवाद झिक्दैनन् । आफ्ना सहकर्मी शिक्षक-शिक्षिकाहरूसँग सदैव मित्रवत् व्यवहार गर्ने साहिँलो आफ्ना विद्यार्थी भाइबहिनीहरूप्रति पनि स्नेहपूर्ण व्यवहार गर्छन् र उनीहरूका अनुत्तरित प्रश्नहरूको सहज तरिकाबाट सजिलै बुझ्ने किसिमले उत्तर दिन्छन् । उनी पदीय दायित्वलाई गम्भीरताका साथ पालन गर्छन् , तर पदको घमण्ड र दुरुपयोग कहिल्यै गर्दैनन् । (टीका भट्टराई) उनी स्पष्ट वक्ता हुन् । समाजका सामाजिक असामञ्जस्यलाई उनी स्पष्ट तरिकाले विवरण गर्छन् । उनी राष्ट्रको विषम परिस्थितिमा गम्भीर बन्दछन् । राष्ट्र र राष्ट्रियताप्रति उनको सदैव सम्मान रहेको देखिन्छ ।

### २.२.३ साहित्यिक व्यक्तित्व

सिङ्गो साहित्यभित्र विभिन्न विधा-उपविधाहरू समेटिन्छन् । साहित्यभित्र स्रष्टाकेन्द्री र द्रष्टाकेन्द्री रचनाहरू हुन्छन् । स्रष्टाकेन्द्री रचना भनेका कविता, कथा, उपन्यास, नाटक, निबन्धजस्ता स्वतन्त्र विधाहरू हुन् भने यस किसिमका विधाहरूको स्पष्ट ढङ्गले समालोचना गर्ने काम द्रष्टाकेन्द्री रचनाअन्तर्गत पर्दछ । खोलाघरे साहिँलाको साहित्यिक व्यक्तित्वलाई हेर्दा उनी मूलतः स्रष्टा व्यक्तित्व हुन् । फुटकर रूपमा निस्केका समीक्षात्मक टिप्पणीहरू र आफ्नै कृतिभित्रका भूमिकामूलक लेखहरूमा उनको द्रष्टा व्यक्तित्व पनि देखिन्छ । तर यो गौण छ र यसलाई स्रष्टा व्यक्तित्वले दबाएर राखेको छ । उनी वि.सं. २०३० मा नेपाली छात्र संघ हरिद्वार (भारत) को वार्षिक मुखपत्रमा प्रकाशित गरिबको विलाप नाटक छन्दोबद्ध कविताबाट स्रष्टा व्यक्तित्वका रूपमा सार्वजनिक भएका हुन् । यसपछि निरन्तर रूपमा साहित्य साधनामा लागेका साहिँलाले अहिलेसम्म **आज एउटा जुलुस निस्किँदै छ** (२०६४), **स्थापित-विस्थापित** (२०६३), **जिजीविषा रिक्त/रिक्त** (२०६२) गजल सङ्ग्रह र **पाँचथरका नारी हस्ताक्षर** - १ (२०६४) गरी ४ ओटा विभिन्न विधा-उपविधाका कृतिहरू प्रकाशित गरिसकेका छन् । उनको यस साहित्यिक स्रष्टा व्यक्तित्वलाई बुँदागत रूपमा राखेर निम्नअनुसार अध्ययन गर्न सकिन्छ ।

### २.२.४ कवि व्यक्तित्व

साहित्यकार खोलाघरे साहिँलाको साहित्य सुरुवात नै कविता विधाबाट भएको हो । उनी २०३० सालमा प्रकाशित गरिबको विलाप नामक कविताबाट यस क्षेत्रमा देखापरेका हुन् । पहिलोपटक उक्त कविता छापिएर आउँदा उनमा उत्साहको सीमा थिएन । (शोधनायक) त्यही उत्साहको निरन्तरता र आफ्नो लगनशीलताले उनी अहिले मोफसलका एक वरिष्ठ साहित्यकारका रूपमा परिचित हुन पुगेका

छन् । उनको **आज एउटा जुलुस निस्किँदै छ** नामक कवितासङ्ग्रह २०५७ सालमा प्रकाशित भएको छ । यस सङ्ग्रहमा उनका वि.सं. २०४६ देखि वि.सं. २०५४ सम्मका कविताहरू समाविष्ट छन् । यसमा गद्य र पद्य स्वरूपका विभिन्न शीर्षकका ३० ओटा कविता सङ्ग्रहित छन् ।

## २.२. ५ कथाकार व्यक्तित्व

खोलाघरे साहिँलाको कथाकार व्यक्तित्व पनि प्रखर देखिन्छ । उनी कविताजस्तै कथा विधाका क्षेत्रमा पनि प्रारम्भिक समयदेखि नै देखापरेका हुन् । विभिन्न समयका उनका फुटकर कथाहरू सङ्ग्रहका रूपमा प्रकाशित भइसकेको छ । उक्त कथा सङ्ग्रहलाई **स्थापित-विस्थापित** नाम दिइएको छ । यो कृति वि.सं. २०६३ मा प्रकाशित भएको हो । यसमा विभिन्न शीर्षकका १३ ओटा कथा सङ्ग्रहित छन् र कृतिले लघु र मझौला आकारको बीचको आयाम प्राप्त गरेको छ ।

## २.२.६ गजलकार व्यक्तित्व

गजल एउटा गेय विधा हो, अर्थात् यसलाई गाइन्छ । साङ्गीतिक श्रूतिमधुरता प्राप्त गर्न सकिने गजल मूलतः शृङ्गारिक विषयमा लेखिन्छ भनिए पनि अहिले यसले आफ्नो क्षेत्र फराकिलो बनाइसकेको छ । खोलाघरे साहिँलाले गजलका क्षेत्रमा पनि आफ्नो सक्रियता देखाइसकेका छन् । उनको गजलसङ्ग्रहको नाम **जिजीविषा रिक्त-रिक्त** हो । यसको प्रकाशन वि.सं. २०६२ वैशाखमा भएको हो । यसमा विभिन्न समयका जम्मा ६८ ओटा गजल समाविष्ट छन् । ती गजलमध्ये ६२ ओटा नेपालीमा र ६ ओटा हिन्दी भाषामा रचिएका छन् । गजलहरू सुख, दुःख, प्रेम, ईर्ष्या, राष्ट्रियता, प्रजातन्त्र, प्रकृति आदि विभिन्न विषयवस्तुसँग सम्बन्धित देखिन्छन् ।

## २.२. ७ सम्पादक व्यक्तित्व

खोलाघरे साहिँलो सम्पादन कार्यतर्फ सक्रिय रूपमा लागिरहेकै छन् । उनले विभिन्न पत्रपत्रिकाका साथै एउटा पुस्तकाकार कृतिसमेत सम्पादन गरेका छन् । उनी रविकिरण पाक्षिक तथा रवि साप्ताहिक पत्रिकासँग सम्बद्ध छन् । यी पत्रपत्रिकाहरूमा स्थानीय स्रष्टाहरूका रचना प्रकाशित गरी ओझेलमा परेका साहित्यकारहरूको अन्तर्निहित प्रतिभालाई बाहिर ल्याउन खोलाघरे साहिँलाले महत्त्वपूर्ण योगदान दिएका छन् । **पाँचथरका नारी हस्ताक्षर-१** उनले सम्पादन गरेको पुस्तकाकार कृति हो र यो वि.सं. २०६४ मा प्रकाशित भएको छ । यसमा पाँचथरका महिला स्रष्टाहरूको रचनाहरू समावेश गरिएका छन् । महिलाका अनुभव, अनुभूतिलाई समेट्न यो कृति सफल भएको छ ।

## २.२.८ साहित्येत्तर व्यक्तित्व

साहित्यले जीवनका विविध यस्तै उहापोहलाई प्रतिविम्बित गर्छ । साहित्यिक सिर्जनामा राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, नैतिक, प्राकृतिक आदि विभिन्न विषयवस्तुहरू समाविष्ट भएका हुन्छन् । एउटा साहित्यका र साहित्य सिर्जनाका साथसाथै अन्य विभिन्न क्रियाकलापमा समेत सङ्लग्न भएको हुन्छ । साहित्यभन्दा भिन्न रहेर आफ्नो जीवनलाई अन्य विभिन्न क्षेत्रमा संलग्न गराई व्यक्तित्व निर्माण गर्नुलाई साहित्येत्तर व्यक्तित्व भनिन्छ । यसअन्तर्गत सामाजिक, धार्मिक, शैक्षिक आदि विभिन्न पाटाहरू अटाउँछन् । साहित्यकार खोलाघरे साहिँलो पनि यी विभिन्न पक्षहरूमा आबद्ध भएका देखिन्छन् । साहित्येत्तर व्यक्तित्वलाई निम्नलिखित बुँदाहरूमा समेटिन्छ ।

## २.२.९ समाजसेवी व्यक्तित्व

समाज विभिन्न जाति, धर्म, लिङ्ग, पेसा आदिसँग सम्बन्धित व्यक्तिहरूको समष्टि रूप हो । समाजमा देखापर्ने अनेकन समस्याहरूको समाधानका लागि सामाजिक एकता आवश्यक पर्दछ । समाजको चौतर्फी विकासका लागि अर्थात् समाजमा देखा परेका अनेकन समस्यालाई राष्ट्रिय स्तरमा उठाई त्यसको समाधान गर्दै समृद्ध समाजको निर्माणका लागि कोही न कोही सामाजिक व्यक्तिको आवश्यकता पर्दछ । यस्तो व्यक्तिले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक हितका लागि कार्य गरिरहेको हुन्छ । खोलाघरे साहिँलो पनि समाजका विभिन्न आवश्यकतासँग चासो राख्दछन् र क्रियाशील भई सामाजिक सेवामा अग्रसर हुन्छन् । उनी स्थानीय विभिन्न सङ्घसंस्थासँग आबद्ध छन् । स्वास्थ्य सेवाका साथै अन्य रचनात्मक कार्यमा सदैव समर्पित हुने नेपाल रेडक्रस सोसाइटीका उनी आजीवन सदस्य हुन् । उनले समाज र त्यस क्षेत्रका जनताका लागि सक्दो सहयोग गरेका छन् । यिनै विविध सन्दर्भहरूबाट उनको सामाजिक व्यक्तित्व प्रस्टिन्छ ।

## २.२.१० धार्मिक व्यक्तित्व

धर्मले व्यक्तिमा विश्वास बढाउँछ । विश्वासले व्यक्तिलाई इमानदार, सचेत तथा कर्तव्यनिष्ट बनाउँछ । भगवान्प्रतिको निष्ठाबाट लौकिक तथा परलौकिक सुख प्राप्त गर्न सकिने जनविश्वास रहेको छ । व्यक्ति धार्मिक हुनुपर्छ, तर धर्मका नाममा देखापरेका अन्योल र असमानताको परिष्कार आवश्यक छ । आजभोलि धर्मका आडमा धेरै भेदभाव देखापरेका छन् । जातभातबाट देखापरेको र आधुनिक युगमा पनि लम्कँदै गरेको यस किसिमको खाल्डोलाई अझै पुर्न सकिएको छैन । सहरिया परिवेशभन्दा ग्रामीण

परिवेशमा धार्मिक कट्टरपन्थीहरूले चलाएको वैषम्यपूर्ण व्यवहार अझैसम्म देखिन्छ । खोलाघरे साहिँलो धार्मिक व्यक्तित्व अवश्य हुन्, तर उनी धर्मका आडमा देखापरेका विषम परिस्थितिबाट निकै चिन्तित छन् । (खोलाघरेकी पुत्री इन्दु अधिकारीबाट प्राप्त जानकारी) । बिहानै उठ्नु, आफ्नो नित्यकर्ममा संलग्न भई देवीदेवताप्रति एकाग्र प्रकट गर्नु, निधारमा रातो टीका लगाउनु उनको धर्मप्रतिको झुकाव हो । उनी हिन्दू धर्मका सचेत र सजग अनुयायी हुन् । यति हुँदाहुँदै पनि हिन्दू धर्मका विशेषताहरूलाई अगाडि राखेर व्यक्ति-व्यक्तिमा देखिने जुन भेदभाव छ, त्यसप्रति साहिँलो अलिकति पनि विश्वास गर्दैनन् । (इन्दु अधिकारी) धर्मले कसैलाई ठूलो-सानो भन्दैन । पृथ्वीका सबै मानिस समान हुन् । यस किसिमको धार्मिक दृष्टिकोणको उनी पक्षपाती हुन् । उनले संस्कृत भाषासाहित्यको अध्ययन गरे अनि हिन्दू परम्परा बारे जानकारी राखे । यसबाट उनको धार्मिक व्यक्तित्व प्रखर बनेको छ । तर जातीय भेदभावलाई उनी सहन सक्दैनन् । समाजमा देखापरेको यसकिसिमको विषमतालाई हटाउनुपर्ने उनको धारणा रहेको छ ( शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२ ११ शैक्षिक व्यक्तित्व

शिक्षा जो-कोहीका लागि अतिआवश्यक कुरा हो । शिक्षाले नै अज्ञानताको कसरमसर हटाउँछ र व्यक्तिलाई ज्ञानको संसारमा पुऱ्याउँछ । शिक्षाप्रेमी व्यक्तिहरू सबै स्थानमा शिक्षाको पहुँच पुगोस् भन्ने चाहन्छन् । उनीहरूको सोचाइ जहिले पनि उद्देश्यमूलक रहन्छ । खोलाघरे साहिँलाको शैक्षिक व्यक्तित्व पनि उत्तिकै प्रभावशाली रहेको छ । उनले आफूले प्राप्त गरेको ज्ञानको सँगालोलाई विद्यार्थीमाझ फिँजाउँदै आएका छन् । उनी विगत धेरै वर्ष देखि शिक्षण पेसामा संलग्न रहँदै आएका छन् । उनी शिक्षण संस्थामा आबद्ध रहेको संस्था रवि, पाँचथरमा अवस्थित श्री दुर्गा उच्च माध्यमिक विद्यालय हो । उनी आफ्नो पेसाप्रति पूर्ण उत्तरदायी देखिन्छन् । उनले आफ्नो पेसालाई पैसा कमाउने माध्यममात्र कहिल्यै ठानेनन् । (टीका भट्टराई) उनी आफूले पढाउने विषयप्रति सजग तथा जवाफदेही देखिन्छन् । विद्यार्थीलाई पढाउने र बुझाउने कुरामा उनी सचेत छन् । यसले उनको शैक्षिक व्यक्तित्वलाई प्रखर बनाएको छ ।

## २.२ १२ भाषिक व्यक्तित्व

भाषा जान्नु र भाषाबारे जान्नुमा धेरै अन्तर छ । भाषा जानेको व्यक्तिले भाषाका बारेमा जानेको व्यक्तिले भाषा नजानेको पनि हुन सक्छ । भाषा तथा भाषाका बारेमा पनि ज्ञान भएका व्यक्तिहरू सीमित हुन्छन् । भाषाका बारेमा जान्न धेरै मिहिनेत र लगावको आवश्यकता पर्दछ ।

खोलाघरे साहिँलाको मातृभाषा नेपाली हो र यो भाषा बोल्न उनलाई कति पनि अप्ठ्यारो छैन तर पनि उनी नेपाली भाषाका बारेमा पनि धेरै जानकार रहेका छन् । नेपाली भाषाभित्रको संरचना, व्याकरण, साहित्य आदि विविध क्षेत्रका बारेमा उनमा जानकारी रहेको छ । शिक्षक र साहित्यकार भएका नाताले उनी नेपाली भाषाका बारेमा धेरै जानकार भएका हुन् । नेपाली भाषाका अतिरिक्त उनी संस्कृत र हिन्दी भाषा पनि जान्दछन् । यसले उनको भाषिक व्यक्तित्व निर्माण गरेको छ ।

## २.२ १३ चिन्तनशील व्यक्तित्व

खोलाघरे साहिँलो चिन्तनशील व्यक्तित्वका रूपमा चिनिन्छन् । उनको चिन्तनबाट नै साहित्यिक कृतिहरू सिर्जित हुन पुगेका छन् । वास्तवमा कुनै चिन्तनमननबाट सिर्जना प्रस्फुटित हुन सक्दैन, गाह्रो छ । चिन्तनका लागि एकान्त स्थल, बिनाअवरोधपूर्ण परिवेश, उपयुक्त समय आदिको आवश्यकता पर्दछ । यी र यस्ता कुराहरूबाट व्यक्तिको व्यक्तित्व अझै निखारिएर प्रस्तुत हुन्छ । चिन्तनमा बुद्धिलाई मात्र नभएर हृदयलाई पनि सक्रिय बनाउनुपर्छ । बुद्धि र हृदयको सही तालमेलबाट चिन्तनमनन गरियो भने उत्कृष्ट साहित्य सिर्जना गर्न सकिन्छ । साहिँलो आफ्नो गहिरो चिन्तनबाट एउटा सार कुरा पत्ता लगाउँछन् र त्यसलाई साहित्यमा पोख्छन् । (शोधनायक) वेद, वेदान्त उपनिषद्, श्रीमद्भागवत् गीताजस्ता ग्रन्थहरूबाट उनले दर्शनका विविध पक्षहरूका बारेमा चिन्तनमनन गरेका छन् । यसकारण उनी एक चिन्तनशील व्यक्तित्वका रूपमा देखिएका छन् ।

## २.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तरसम्बन्ध

साहित्यकार खोलाघरे साहिँलाले अहिलेसम्म जम्मा ५४ वर्ष पार गरिसकेका छन् । यसमा पनि ३७ वर्ष जति त उनले साहित्य-साधनामा खर्च गरिसकेका छन् । यति लामो जीवन भोगाइ र साहित्य-साधनामा उनले विविध परिस्थितिहरूलाई आत्मसात् गरिसकेका छन् । बाल्यकालदेखि आजसम्मको आरोह-अवरोह, पढाइका सिलसिलामा नेपाल र भारतका विभिन्न स्थानमा गरेको यात्रा, पारिवारिक वातावरण, शिक्षक जीवन आदि विभिन्न अवस्थाले उनको साहित्यिक व्यक्तित्व निर्माण भएको छ । उनले आफ्नो जीवनमा प्राप्त गरेका अनुभवहरू तथा पठनपाठन र चिन्तनमननबाट प्राप्त गरेको ज्ञानले उनलाई साहित्य यात्रामा अगाडि बढाएको छ । उनको साहित्यिक व्यक्तित्व विभिन्न विधा-उपविधामा फिंजिएको छ । त्यसैले उनलाई ठ्याक्कै यही विधाका साहित्यकार भन्न गाह्रो छ, तर पनि उनका हरेक साहित्यिक रचनाले जुन मूल्य दिएका छन्, यसबाट उनी आफूले कलम चलाएको विधामा सफल देखिन्छन् । उनले राष्ट्र, राष्ट्रियता तथा देशप्रेमजस्ता भावनालाई आफ्ना रचनामा पोखेका छन् ।

उनी आफूभन्दा अग्रज साहित्यकारहरूबाट प्रेरित छन् । यस्तै नेपालीका अतिरिक्त संस्कृत तथा हिन्दी भाषाको प्रभाव पनि उनमा परेको छ । यसरी हेर्दा उनको जीवनी, व्यक्तित्व तथा साहित्यिक लेखनबीच अन्तरसम्बन्ध देखिन्छ ।

## निष्कर्ष

मोहनलाल अधिकारीका साहिँला सुपुत्रका रूपमा खोलाघरे साहिँलाको जन्म भएको हो । यिनको जन्म वि.सं. २०१३ मा पाँचथरको मौवामा भएको हो । यिनले बाल्यकाल आफ्नै जन्मस्थानमा बालसखाहरूसँग हाँस्दैखेल्दै आनन्दपूर्वक बिताउँछन् । साहिँलाको प्रारम्भिक शिक्षा गाउँकै इन्द्रेनी मा.वि.मा भएको हो । त्यसपछि उच्च शिक्षाका क्रममा यिनी भारतको हरिद्वार पुगेका छन् भने नेपाली मूल विषय लिई यिनले विश्वविद्यालय क्याम्पस, कीर्तिपुरबाट वि.सं. २०४९ मा स्नातकोत्तर गरेका हुन् । हाल साहिँला श्री दुर्गा उच्च मा.वि., रवि, पाँचथरमा पढाउँदै आइरहेका छन् ।

खोलाघरे साहिँलो १८ वर्षको उमेरमा सरस्वती रिजालसँग विवाहबन्धनमा बाँधिएका हुन् । उनका दुई छोरा, एक छोरी र एक नाति रहेका छन् । हाल उनी इलामको फुएँतप्पामा बसोवास गर्दै आइरहेका छन् । उनी वि.सं. २०३० बाट साहित्यिक क्षेत्रमा देखापरेका हुन् । उनको पहिलो कविता ***'गरिबको विलाप'*** हो । यो कविता 'नेपाली छात्रसङ्घ हरिद्वार (भारत)' को वार्षिक मुखपत्रमा प्रकाशित भएको हो । उनका अहिलेसम्म चारओटा साहित्यिक कृति प्रकाशित भइसकेका छन् भने अन्य फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । आफूले साहित्य क्षेत्रमा पुऱ्याएको योगदानस्वरूप उनी विभिन्न सम्मानहरूबाट सम्मानित भएका छन् । उनी वाणी प्रकाशन, जीवन स्मृति प्रतिष्ठानजस्ता साहित्यिक तथा नेपाल रेडक्रस सोसाइटीजस्तो सामाजिक सङ्घसंस्थामा आबद्ध रहँदै आएका छन् । उनले आफ्नो जीवनमा देशभित्रका विभिन्न जिल्ला तथा भारतका विभिन्न क्षेत्रहरूको भ्रमण गरिसकेका छन् ।

खोलाघरे साहिँलो सरल तथा मिजासिलो व्यक्तिका रूपमा चिनिन्छन् । उनलाई सामाजिक व्यभिचारहरू पटक्कै मन पर्दैन र यसको अन्त्यका लागि उनी हरहमेसा क्रियाशील रहन्छन् । यसले उनको सामाजिक व्यक्तित्व अझ माथि उठेको छ । उनी साहित्यभित्र मानवजीवनको यथार्थलाई प्रस्तुत गर्न रूचाउँछन् । आफ्नी आमा तथा साहित्यकारहरूबाट प्रेरणा पाएका साहिँलो साहित्यभित्र समसामयिक विषयवस्तुलाई प्रस्तुत गर्न बढी रुचाउँछन् । साहित्य विधाभित्र उनलाई विशेषतः कथा र कविता विधा मन पर्छ । यिनै विधाअन्तर्गतका रचनाभित्र उनी जीवनदृष्टि पहिल्याउँछन् ।

खोलाघरे साहिँलाको व्यक्तित्वका विभिन्न पाटाहरू रहेका छन् । उनको बाह्य व्यक्तित्व जति आकर्षक छ, आन्तरिक व्यक्तित्व पनि उति नै सशक्त रहेको छ । साहित्यकार साहिँलाले कविता, कथा, गजलजस्ता विधा-उपविधाबाट आफ्नो साहित्यिक व्यक्तित्वलाई दर्बिलो बनाएका छन् । तीसको दशकबाट साहित्ययात्रामा लागेका उनले हालसम्म चारओटा पुस्तकाकार कृति प्रकाशित गरिसकेका छन् । उनको सम्पादनमा एउटा **कृति पाँचथरका नारी हस्ताक्षर** -१ प्रकाशित भएको छ । यसले उनलाई सम्पादक व्यक्तित्वका रूपमा चिनाएको छ । आफ्ना कृतिहरूमा सुख-दुःख , हाँसो-रोदन, प्रेम-प्रणय, प्रकृति-पर्यावरणजस्ता विषयवस्तु प्रयोग गर्दै जीवनभोगाइका तीतामीठा क्षणहरूलाई स्थान दिने साहिँलाले मोफसलको साहित्यको श्रीवृद्धिका लागि उल्लेख्य योगदान दिएका छन् ।

खोलाघरे साहिँलाको साहित्येत्तर व्यक्तित्व पनि उस्तै प्रभावशाली रहेको छ । उनी विभिन्न सामाजिक सङ्घसंस्थामा लागेर समाजको उत्थानका लागि सक्रिय रहन्छन् । वामपन्थी विचारधारमा आबद्ध साहिँलो धार्मिक नै हुन्, तर उनी धर्मको आडम्बरलाई स्विकार गर्दैनन् । त्यसैले उनी उचनिच, छुवाछूतजस्ता विभेदतामूलक सोचहरूको खुलेरै विरोध गर्छन् । उनको शिक्षाक्षेत्रको लगाव अझै सशक्त रहेको छ । शिक्षाको माध्यमबाट चेतनाको ज्योति छर्न उनी अद्यपि क्रियाशील छन् । छोराछोरी दुवैलाई समान शिक्षाको अवसर हुनुपर्छ भन्ने उनको मान्यता रहेको छ । नेपालीका अलावा संस्कृत र हिन्दी भाषामा समेत जानकार साहिँलाको भाषिक व्यक्तित्वले साहित्यसिर्जनामा ऊर्जा प्रदान गरेको छ । बढी चिन्तनमनन गरी त्यसबाट प्राप्त हुने सार कुरालाई उनी साहित्यभित्र स्थान दिन्छन् । बुद्धि र हृदयको सामञ्जस्यबाट उनको चिन्तनशील व्यक्तित्व अगाडि बढेको पाइन्छ । यसरी व्यक्तित्व निर्माणका विभिन्न पाटाहरूले उनलाई बहुआयामिक व्यक्तित्वका रूपमा प्रस्तुत गरेका छन् ।

# तेस्रो परिच्छेद

## खोलाघरे साहिँलाको साहित्यिक यात्रा

### ३.१. साहित्यिक यात्रा

खोलाघरे साहिँलो वि.सं. २०३० बाटै साहित्य क्षेत्रमा प्रवेश गरेका स्रष्टा हुन् । नेपाली छात्र सङ्घ हरिद्वार (भारत) को वार्षिक मुखपत्रमा प्रकाशित **गरिबको विलाप** (२०३०) कविता नै उनको प्रथम कविता हो । साहित्य लेखनको सुरुआत तीसको दशकबाटै भएको देखिए पनि उनी पुस्तकाकार कृतिका रूपमा भने वि.सं.२०५७ बाट मात्र सार्वजनिक भएका हुन् । उनलाई सार्वजनिक गर्ने प्रथम कृति **आज एउटा जुलुस निस्किँदैछ** (२०५७) हो । त्यसपछिका वर्षमा उनका विभिन्न विद्याका अन्य तीनओटा कृति देखापर्छन् । ती कृतिहरुमा **जिजीविषा रिक्त/रिक्त गजलसङ्ग्रह** (२०६२), स्थापित/विस्थापित कथासङ्ग्रह (२०६३), **पाँचथरका नारी हस्ताक्षर १ सम्पादनात्मक कृति** (२०६४) पर्दछन् । उनले वि.सं. २०३० बाट कविता लेख्न सुरु गरेको भए तापनि २०४६ सालपछि भने उनका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । फेरि उनी एउटा कुनै निश्चित विधामा मात्र अटाएका छैनन् । एउटा विधाबाट अर्को विद्यामा फाल हान्दा विधागत सचेतता अवश्य निर्वाह गर्नैपर्छ र खोलाघरेले यसप्रति सजगता पनि देखाएकै छन् ।  उनले हरेक विधामा भिन्न प्रवृक्तिलाई आत्मसात् गरेका छन्, जुन उनको साहित्यिक यात्रालाई विभाजन गर्ने महत्त्वपूर्ण आधार हो । कविता र गजलमा विधागत निकटता रहन्छ तर कथामा यी विधाभन्दा भिन्न केही घटकहरू सन्निहित रहन्छन् ।

यहाँ उनको कविता र गजल भन्दा भिन्न कथा विधाको सिर्जना भएपछि चरण विभाजन गरिएको छ । उनी २०४६ सालसम्म कोठेलेखनमा सीमित रहे । त्यसपछि उनका रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन्, जसलाई उनले **आज एउटा जुलुस निस्किँदै छ** (२०५७ कवितासङ्ग्रहमा सङ्केत पनि गरेका छन् । अतः २०४६ सालभन्दा अगाडिको उनको नेपथ्य काललाई एक चरण मान्दै विधागत विविधताका आधारमा त्यसपछिको समयलाई अन्य दुई चरणमा विभाजन गर्नु उचित हुन्छ । **पाँचथरका नारी हस्ताक्षर-१** (२०६४) त उनको सम्पादनात्मक कृति हो । यस कृतिबाट उनको सिर्जनात्मक प्रवृक्ति मापन गर्न सकिँदैन । त्यसैले उनका साहित्यिक प्रवृक्तिलाई केलाउने आधार भनेका तिनै तीन कृति हुन् । यही पृष्ठभूमिमा रहेर उनका साहित्यिक विशेषतालाई निम्नलिखित तीन चरणमा विभाजन गरेर भिन्नाभिन्नै चर्चा गरिएको छ :

प्रथम चरण (सुरुवातदेखि वि.सं. २०४५ सम्म)

द्वितीय चरण (वि.सं. २०४६ देखि वि.सं. २०६२ सम्म)

तृतीय चरण (वि.सं. २०६३ देखि हालसम्म)

### ३.१.१. प्रथम चरण (सुरुवातदेखि वि.सं. २०४५ सम्म)

खोलाघरे साहिँलो साहित्यिक यात्राको यस प्रथम चरणमा नेपथ्यमै सीमित रहे र यसको निरन्तरता वि.सं. २०४५ सम्म कायम रह्यो । साहिँलोले जब २०३० सालमा **गरिबको विलाप** कविता रचना गरे र प्रकाशित पनि गरे, त्यही कविता नै उनको प्रस्थान विन्दु हो । त्यसपछि उनी २०४६ सालसम्म आफ्ना रचनामार्फत बाहिर प्रस्तुत हुन सकेनन् । उनले यस चरणमा सिर्जनालेखनमा निकै नै अभ्यास गरे । यसको पुष्टि पछिल्ला प्रकाशित रचनाहरूले गर्दछन् । यस चरणमा उनी शिथिल देखिएका भए अर्थात् साहित्यलेखनमा प्रवृत्त नभएका भए पछिल्ला कृतिहरू त्यति कलात्मक सौन्दर्यले भरिएका हुँदैनन् थिए । यस चरणमा उनको साहित्यिक प्रवृत्तिको आँकलन गर्न त सकिँदैन तर साहित्यिक क्षमता भने अवश्य नै थियो भन्न सकिन्छ ।

### ३.१.२. द्वितीय चरण (वि.सं. २०४६ देखि वि.सं. २०६२ सम्म)

खोलाघरे साहिँलोका कविताहरू वि.सं. २०४६ देखि प्रकाशनमा आउन थाले । कविता प्रकाशन हुन थालेपछि पाठकहरूबाट पठन हुन थाल्यो भने समालोचक समालोचना । यसले उनको १५ वर्षे भूमिगत साहित्यिक जीवनलाई मात्र प्रकाशित गरेन उनका साहित्यिक प्रवृत्तिहरूसमेत प्रकाशित हुन थाले । यसैको परिणामस्वरूप उनको लेखनयात्राको दोस्रो चरण सुरुआत भयो र यो चरण वि.सं. २०६२ सम्म विस्तारित हुन पुग्यो । यस चरणमा उनका **आज एउटा जुलुस निस्किँदै छ** (२०५७) र **जिजीविषा रिक्त/रिक्त** (२०६२) कृतिहरू प्रकाशित भएका छन् । यी दुई कृतिमध्ये पहिलो कवितासङ्ग्रह र दोस्रो गजलसङ्ग्रह हुन् ।

**आज एउटा जुलुस निस्किँदै छ** (२०५७) कवितासङ्ग्रहभित्र २०४६ सालदेखि २०५४ सालसम्म रचना गरिएका ३० ओटा कविता सङ्कलित छन् । यी कविताको पठनबाट साहिँलोका विविध साहित्यिक प्रवृत्ति प्राप्त गर्न सकिन्छ । सर्वप्रथम त कवितामा आयामगत विविधता प्राप्त गर्न सकिन्छ । उनले गद्य र पद्य दुवै लयको प्रयोग गरेको पाइन्छ । गद्यमा १६८ पङ्क्तिको **मेरो गाउँ** सबैभन्दा लामो र ४३

पङ्क्तिको **भैगो अब कुरै सकियो** सबैभन्दा छोटो कविता भेटिन्छन् । यस्तै पद्यमा १९२ श्लोके **इलाम** सबैभन्दा लामो र ३ श्लोके **अत्यन्त साँचो थियो** सबैभन्दा छोटो कविता पाइन्छन् ।

कवितामा विषयगत विविधता पाइनु उनको साहित्यिक प्रवृत्ति हो र उनले कविताभित्र स्मृति, राष्ट्रियता, जीवन, प्रेम, प्रकृति, शिक्षा, गरिबी, बेरोजगार आदि विविध सन्दर्भलाई विषयवस्तु बनाएका छन् । उनी पूर्ववर्ती साहित्यिक स्रष्टाबाट प्रभावित बनेर उनीहरूको साहित्यिक मूल्यको गान गर्दै विषयवस्तु चयन गर्छन् । यस्तै प्रकृतिको तन्मय र मन्मय दुवै अवस्थाको चित्रण गर्नु, राष्ट्रिय संस्कार र संस्कृतिको प्रशंसा गर्नु, प्रेमलाई मानवीय संवेदनालाई माथि उठाउने कुरा ठान्नु, मिलन-विछोड, हाँसो-रोदनजस्ता मानवजीवनका उहापोहलाई उठाउनु, समाज र राष्ट्रप्रति बाह्य देशको बक्रदृष्टि हुँदा उत्पन्न अवस्थालाई निराशावादी ढङ्गबाट उठान गर्नु उनका विषयगत प्रवृत्ति हुन् ।

खोलाघरे साहिँलोको कवितामा लयगत विविधता पाइन्छ । उनले मुक्त र बद्ध दुवै लयको प्रयोग गरेका छन् । बद्ध लयअन्तर्गत वर्णमात्रिक तथा मात्रिक दुवै छन्दको प्रयोग भएको छ । बद्ध लय सिर्जना गर्ने क्रममा अनुष्टुप, मन्दाक्रान्ता, शार्दूलविक्रीडित, उपजाति आदि छन्द प्रयोग भएका छन् । उनले सो लयअन्तर्गत झ्याउरे छन्दको समेत प्रयोग गरेकै छन् । मुक्त लयअन्तर्गत गद्य कविताको पङ्क्तिसमूहको क्रमिक तथा व्यतिक्रमिक संयोजन भएको छ । कवित्वको प्रभावकारिताका दृष्टिले कविताले बद्धभन्दा मुक्त लयमा उचाइ प्राप्त गरेका छन् ।

साहित्यकार खोलाघरे साहिँलाको प्रस्तुत **आज एउटा जुलुस निस्किँदै छ** कवितासङ्ग्रह वि.सं. २०५७ सालमा प्रकाशित भएको हो । यसको प्रकाशन साहिँला आफैंले गरेका हुन् । यस सङ्ग्रहमा वि.सं. २०४६ देखि वि.सं. २०५४ सम्म रचना गरिएका विभिन्न विषयवस्तुमा आधारित ३० ओटा कविता समावेश गरिएका छन् । सर्वप्रथम ५०० प्रति छापिएको थियो भने ज्ञानेन्द्र वाग्लेले आवरण कला तयार पारेको यस सङ्ग्रहको आवरण पहैंलो रङको सादा आकारमा निर्मित छ । यस सङ्ग्रहमा विषयसूची र लेखकको भनाइ अन्तिम दुई पृष्ठमा राखिएको छ । पृष्ठ १ देखि पृष्ठ ६४ सम्मको आयाममा कविताहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहमा ४० र ५० को दशकका कविताहरू रहेका छन्, जसमा ४० को दशकका ३ ओटामात्र कविताहरू छन् भने बाँकी २७ ओटा कविता ५० को दशकका रहेका छन् । यसमा छन्दयुक्त १९ ओटा, छन्दमुक्त गद्य १० ओटा र एउटा गीतिकविता रहेका छन् । यसमा छन्दयुक्त कवितामा १९ श्लोके **इलाम** कविता सबैभन्दा लामो र ३ श्लोके **अत्यन्त साँचो थियो** कविता सबैभन्दा छोटो देखिन्छ । यस्तै गद्य कवितातर्फ १६८ पङ्क्तिको **मेरो गाउँ** कविता सबैभन्दा लामो र ४३ पङ्क्तिको **भैगो अब कुरै सकियो** कविता सबैभन्दा छोटो देखिन्छ । यस सङ्ग्रहभित्र

साहित्यकारको स्मृति विषयक, राष्ट्रियता विषयक, जीवन विषयक, प्रेम विषयक, प्रकृति विषयक, शिक्षा विषयक आदि विभिन्न विषयवस्तुमा आधारित कविताहरू रहेका छन् ।

कविता साहित्यको श्रव्यमध्ये महत्त्वपूर्ण विधा हो । संस्कृत साहित्यमा कविता र काव्यलाई समान अर्थमा प्रयोग गरिएको पाइन्छ । पश्चिमी साहित्यको poem शब्दको नेपाली अर्थ नै कविता हो । कविताका पूर्वीय र पाश्चात्य मान्यताअनुसार कविता लयगत र सौन्दर्यमूलक हुनुपर्छ । यसले जीवनका विविध संवेदनालाई अभिव्यक्ति दिनुपर्छ ।

खोलाघरे साहिँलाको **आज एउटा जुलुस निस्किँदै छ** (२०५७) कवितासङ्ग्रहमा जम्मा ३० ओटा कविता समाविष्ट छन् । यस सङ्ग्रहभित्रका कवितामा स्मृतिमूलक, प्रकृतिमूलक, जीवनमूलक, प्रेममूलक, राष्ट्रियतामूलक, शिक्षामूलक आदि विभिन्न विषय रहेका छन् । प्रस्तुत गरिएका विषय र दिइएको शीर्षकबीच अन्तरसंङ्गति भेटिन्छ । यस सङ्ग्रहभित्र मुक्त र बद्ध दुवै लयको प्रयोग पाइन्छ । लय सिर्जनाका क्रममा विभिन्न अनुप्रासीय शब्दसंयोजन भएको देखिन्छ । भाषाशैलीका दृष्टिले कविताहरू सरल, सहज र सम्प्रेषणीय भेटिन्छन् । शब्द गुच्छाहरूको रखाइले कवितालाई साङ्गीतिकता प्रदान गरेको छ । कवितामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग पाइन्छ भने सम्बोधनात्मक, प्रश्नात्मक तथा मनोकथनात्मक शैलीका कविता पनि रहेकै छन् । यसरी विविध विषयवस्तु, लय, दृष्टिबिन्दु र भाषाशैलीको संयोजन यहाँ पाउन सकिन्छ ।

कवि साहिँलो कवितामा सरल भाषाशैलीको प्रयोग गर्न रुचाउँछन् । तत्सम, तद्भव तथा आगन्तुक तीनै स्रोतका शब्दहरूको छनोटबाट कविता निर्मित छन् । यद्यपि छन्दयुक्त कवितामा छन्दमुक्त कविताको अपेक्षा अलिक बढी तत्सम शब्दहरूको प्रयोग पाइन्छ । अन्त्यानुप्रास तथा अन्तर अनुप्रासहरूले भाषा अझै बढी साङ्गीतिक बनेको छ । कविले अभिधाभन्दा लक्षणा र व्यञ्जनाको स्थान बढी सुरक्षित गरेका छन् । यसको पुष्टि कविताभित्र पाइने विम्बात्मक तथा प्रतीकात्मक अभिव्यक्तिहरूले गर्दछन् । यसले कवितालाई व्यङ्ग्यप्रधान बनाएको छ । सामाजिक तथा सांस्कृतिक परिवेशका नराम्रा पक्षहरूका साथै राष्ट्रिय विसङ्गतिका अनेकानेक अवस्थालाई व्यङ्ग्य गर्नु उनको कविधर्म देखिन्छ । यस्तै उनले विभिन्न शैलीको प्रयोग गरेर कविताको बान्की प्रस्तुत गरेका छन् । कवितामा प्रश्नात्मक, सम्बोधनात्मक, वक्रोक्तिमूलक तथा स्मृतिपरक शैली भेटिनुले शैलीगत विविधता भेटिन्छ ।

उनका कविताभित्र प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग पाइन्छ । प्रथम पुरुष दृष्टिबिन्दुअन्तर्गत कवि पात्रद्वारा तृतीय पुरुष पात्रलाई सम्बोधन गरिएका कविता देखिन्छन् भने कविका आत्मालापपूर्ण कथनहरू पनि विभिन्न कविताहरूमा देख्न सकिन्छ ।

खोलाघरे साहिँलोको यस चरणको अर्को कृति **जिजीविषा रिक्त/रिक्त** (२०६२) गजलसङ्ग्रह हो । यसमा २०५२ देखि २०६१ सालसम्ममा रचना गरिएका विभिन्न विषयसँग सम्बद्ध ६८ ओटा गजल समाविष्ट छन् । यसमा पनि ६२ ओटा नेपालीका र बाँकी ६ ओटा हिन्दीका गजल रहेका छन् । गजल ५, ६ र ७ सेरसम्मका देखिन्छन् ।

खोलाघरे साहिँलोले आफ्ना गजलभित्र विविध विषयवस्तु समाविष्ट गरेका छन् । गजलमा मूलतः प्रेमका विषयहरू रहन्छन् । यसका साथसाथै गजलका अन्य विविध विषयहरू पनि रहेकै हुन्छन् । साहिँलोका यस सङ्ग्रहभित्रका गजल बढी मात्रामा मायाप्रेमसँग सम्बन्धित रहेका छन् । वियोगावस्थाका विछोड, दुःख, पीडा, पश्चातापका अभिव्यक्तिहरू भेटिन्छन् ।

खोलाघरे साहिँलोको साहित्यिक रचनाहरूमा देश बोल्छ, देशका गौरवहरू मुक्तकण्ठले प्रकट हुन्छन् भने देशका बिब्ल्याँटा पक्षहरूप्रति खबरदारीपूर्ण आक्रोशहरू अभिव्यक्त हुन्छन् । शान्त र समुन्नत राष्ट्रको आवश्यकता महसुस गर्दै राष्ट्रभित्रका सम्पदा र संस्कृतिको जगेर्ना गरी विश्वसामु चिनिनुपर्ने धारणा खोलाघरे साहिँलोका गजलभित्र भेटिन्छन् । साहिँलोले गजलमा सामाजिक पीडा, विकृति, विसङ्गतिजस्ता अस्तव्यस्त अवस्थाप्रति दुखेसो प्रकट गरेका छन् । यस्तै उनका गजलमा राजनीतिभित्रका विसङ्गत खेल, सत्तालिप्सा, राजनीतिकर्मीको दोहोरो र दोभाषे चरित्र, अनावश्यक हानथाप र आरोप-प्रत्यारोप, नेपाली-नेपाली बीचको आन्तरिक द्वन्द्व, जनताको स्वतन्त्रताको हनन, भ्रष्टाचार-अनाचारप्रति सटीक व्यङ्ग्य भेटिन्छ । उनी जीवनसँग गाँसिएका आँसु, हाँसो, आशा, निराशा तथा जीवन जिउनुका विभिन्न पक्षलाई समेत अभिव्यक्ति दिन्छन् ।

खोलाघरे साहिँलोका गजलहरू संरचनात्मक दृष्टिले कसिला नै देखिन्छन् । तथापि केही गजलभित्र काफियाप्रयोगमा असावधानी देखिन्छ । कान चिरेका जोगीहरू, प्रीति सन्देश आदि गजलमा काफियाको प्रयोगमा त्रुटि रहेको छ । गजलभित्र काफिया र रदिफ दुवैको प्रयोग गरेका छन् भने कतिपय गजलमा तखल्लुसका रूपमा खोलाघरे साहिँलो उपनाम राखेका छन् ।

भाषिक संरचनाका दृष्टिले हेर्दा उनका गजलहरू मिठासपूर्ण नै रहेका छन् । गजलभित्र प्रतीकात्मक अभिव्यक्तिले व्यङ्ग्यविनोद प्राप्त गर्न सकिन्छ भने विभिन्न अर्थालङ्कारहरूको प्रयोगबाट

गजलहरू विम्बात्मक पनि बनेकै छन् । कतिपय गजलभित्र सम्बोधनात्मक शैली प्राप्त गर्न सकिन्छ भने उखान र टुक्काहरूलाई यथोचित् स्थान दिइएको छ ।

गजल इसाको सातौं शताब्दीदेखि अरबी भूमिबाट अस्तित्वमा आएको हो । गजलको शाब्दिक अर्थ स्त्रीसँग गरिने कुराकानी हुन्छ । यो मूल रूपमा शृङ्गारमूलक हुन्छ र यसको स्थायी भाव रति हो । तर पनि वर्तमान समयसम्ममा यसको विषयले व्यापकता प्राप्त गरिसकेको छ र विभिन्न भावमूलक गजलहरू लेखिन थालिएका छन् ।

गजलका आफ्नै संरचक तत्त्वहरू रहेका छन् । सेर, मिसरा, मतला, मकता, काफिया, रदिफ, तखल्लुस यसका स्वकीय तत्त्वहरू हुन् ।

नेपाली गजलको सुरुवात मोतीराम भट्टबाट भएको हो । उनको एकल र सामूहिक प्रयासका साथै अन्य विभिन्न स्रष्टाहरूको सिर्जनाकार्यबाट यसले झाँगिने अवसर पाएको छ । सम्प्रति यो विधा धेरै गतिशील भएको छ । विभिन्न गजलकारका साथै सञ्चारमाध्यम, पत्रपत्रिका, सङ्घसंस्था आदिले यसलाई समृद्ध बनाउँदै लगेका छन् । यसै पङ्क्तिमा आउँछन् गजलकार खोलाघरे साहिँलो उनको गजलसङ्ग्रहको नाम **जिजीविषा रित्त/रित्त** (२०६२) हो । नेपाली र हिन्दीसहित जम्मा ६८ ओटा गजल रहेका यसभित्र ५, ६ र ७ सेरसङ्ख्याका गजल छन् । साहिँलोले यस सङ्ग्रहमा मायाप्रेम, देशप्रेम, समाज, राजनीति, जीवन आदि विभिन्न विषयलाई समावेश गरेका छन् । गजलभित्र काफियाको यथोचित प्रयोग भएकै छ । बहरका रूपमा उनले संस्कृत शास्त्रीय छन्द , भुजङ्गप्रयातको बढी प्रयोग गरेका छन् । विभिन्न प्रतीकात्मक तथा विम्बात्मक अभिव्यक्ति यहाँ पाइन्छ । अनुप्रासीय शब्दसंयोजनबाट गजलहरू गेयात्मक बनेका छन् । यसरी नेपाली गजललेखनमा उनको हस्ताक्षर महत्त्वपूर्ण नै पाइन्छ ।

साहित्यकार खोलाघरे साहिँलाको प्रस्तुत जिजीविषा रित्त/रित्त गजलसङ्ग्रह वि.सं. २०६२ मा प्रकाशित भएको कृति हो । यस गजलसङ्ग्रहको प्रकाशन साहिँला आफैँले गरेका हुन् । यस सङ्ग्रहमा वि. सं. २०५२ देखि २०६१ सम्मका विभिन्न विषयवस्तुमा आधारित ६८ ओटा गजल समावेश भएका छन् । यी गजल मध्ये ६२ ओटा नेपालीका र बाँकी ६ ओटा हिन्दीका रहेका छन् । यसको आवरण लोकप्रिय खनालले तयार पारेका छन् । बाहिरी आवरणको चित्र अमूर्त किसिमको छ । यसको छिद्रान्वेषण गर्दा के देखिन्छ भने चित्रले बाँच्नुको अर्थहीन अवस्था अथवा रित्त या शून्य उद्देश्यको बाँच्ने इच्छाको अभिव्यक्ति दिएको छ । सङ्ग्रहका बारेमा समीक्षात्मक टिप्पणी समालोचकद्वय सनतकुमार

वस्ती र कृष्ण धरावासीले गरेका छन् । यी समालोचकका दृष्टिकोणबाट गजलका विषयवस्तु तथा भावको बारेमा जानकारी मिल्दछ । गजलहरू जम्मा ६८ पृष्ठमा अटाइएका छन् । यस सङ्ग्रहमा ५० र ६० को दशकका गजलहरू रहेका छन् । ०६० का गजल भने ०६० र ०६१ सालभित्र रचना गरिएका हुन् । यी मध्ये ५० को दशकका ३६ र ६० का ३२ ओटा गजल यस सङ्ग्रहमा समाविष्ट छन् । गजलहरू ५, ६ र ७ सेरसम्मका देखिन्छन् । गजलका लागि शीर्षक अनिवार्य नभए तापनि यहाँ प्रत्येक गजलका शीर्षकहरू रहेका छन् ।

खोलाघरे साहिँलोले यस चरणमा विभिन्न साहित्यिक प्रवृत्तिलाई भित्र्याएका छन् । कविता र गजल दुवैमा उनको लेखन प्रशंसायोग्य देखिन्छ । विषयवस्तुको चयनमा उनी विविधता अपनाउँछन् । मुक्त र बद्ध दुवै लयमा सिर्जना सिर्जिएका छन् । विभिन्न शब्द र अर्थ अलङ्कारको प्रयोगबाट कृतिको रूपपक्ष दरिलो बनेको छ ।

### ३.१.३. तृतीय चरण (वि.सं. २०६३ देखि हालसम्म)

साहित्यकार खोलाघरे साहिँलोको साहित्यिक यात्राको तृतीय चरण वि.सं. २०६३ देखि सुरु भएको हो र यो चरणले हालसम्म निरन्तरता पाइरहेको छ । सुरुमा कवितालेखनमा प्रवृत्त रहेका साहिँलो कथालेखनतर्फ प्रवेश गरेपछि यस चरणको सुरुवात भएको मान्नुपर्छ । आख्यानतत्त्वको अनिवार्य उपस्थिति र भूमिका हुने भएकाले कविता र कथा विधामा अन्तर प्राप्त गर्न सकिन्छ । यही अन्तरलाई मध्यनजर गरेर साहिँलोको साहित्यिक यात्राको यो तृतीय चरण छुट्याइएको हो । यस चरणमा उनका **स्थापित/विस्थापित कथासङ्ग्रह** (२०६३) र **पाँचथरका नारी हस्ताक्षर** (२०६४) सम्पादनात्मक कृति प्रकाशित भएका छन् ।

खोलाघरे साहिँलोको यस चरणको पहिलो कृति स्थापित/विस्थापित कथासङ्ग्रह (२०६३) हो । यस कृतिमा जम्मा १३ ओटा कथा सङ्कलित छन् । यस सङ्ग्रहका धेरैजसो कथा सशस्त्र द्वन्द्वका घटना र परिघटनासँग सम्बन्धित देखिन्छन् भने केही कथा यौन विषयसँग समेत आबद्ध रहेका छन् ।

उनका कथामा कथानकको ढाँचा आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा आबद्ध नै देखिन्छन् तथापि केही कथा भने वृत्ताकारीय स्वरूपका समेत पाइन्छन् । उनले कथाभित्र घटना सुहाउँदा पात्रको समुचित प्रयोग गरेका छन् । कथामा बालकदेखि वृद्धावस्थासम्मका पात्रहरू भेटिन्छन् ।

पात्रहरूको संवाद परिवेश र पात्रको स्तर सुहाउँदो देखिन्छ । प्रस्तुत शोधपत्रको मुख्य केन्द्रबिन्दु कथाक्षेत्रकै विश्लेषणमा रहेकाले यसको विस्तृत अध्ययन अघिल्लो परिच्छेदमा गरिएको छ ।

खोलाघरे साहिँलोको यस चरणको अर्को कृति **पाँचथरका नारी हस्ताक्षर-१** (२०६४) हो । यो सम्पादनात्मक कृति हो । यसमा पाँचथरका नारीस्रष्टाका विभिन्न विधामा आधारित रचनाहरू रहेका छन् । यसबाट उनको सम्पादक व्यक्तित्वको अध्ययन गर्न सकिन्छ । विधागत विविधता भएको प्रस्तुत कृतिमा मूलतः नारी अस्तित्व, स्वाभिमान तथा स्वतन्त्रतामा जोड दिएका छन् भने देशप्रेम, प्रकृतिचित्रण, सामाजिक समस्या, आधुनिक भड्काव आदिलाई पनि उठाएका छन् ।

## निष्कर्ष

खोलाघरे साहिँलोले २०३० सालमा प्रकाशित **गरिबको विलाप** कविताबाट साहित्यिक यात्राको सुरुवात गरेका हुन् । उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । प्रथम चरण उनको आभ्यासिक चरण हो । यस चरणमा उनका कुनै पनि रचना (गरिबको विलापबाहेक) प्रकाशित भएका छैनन् । त्यसैले यो उनको नेपथ्य समय हो । यो आभ्यासिक चरणमा उनले लेखनका लागि प्रशस्त अभ्यास गरेका छन् । फलतः उनका सार्वजनिक भएका कृतिहरूले साहित्यिक विशिष्टता प्राप्त गरेका छन् ।

उनको साहित्यिक यात्राको दोस्रो चरणमा मात्र कृतिहरू सार्वजनिक हुन पुगेका छन् । दोस्रो चरणमा उनका कविता र गजलका दुई कृति प्रकाशित भएका छन् । कवितामा उनले राष्ट्र र राष्ट्रियता, जीवन, प्रेम, प्रकृति आदि विविध पक्षलाई विषयवस्तु बनाएका छन् । उनका कविता मुक्त र बद्ध दुवै लयमा संरचित देखिन्छन् । उनको कवित्वको सिद्धहस्तता नेपाली र हिन्दी दुवै भाषामा देखिन्छ । कविताभित्र सम्बोधनात्मक, प्रश्नात्मक, आज्ञार्थक आदि विभिन्न शैलीको प्रयोग भेटिन्छ, जुन सरल र सम्प्रेष्य रहेका छन् । गजलभित्र उनले प्रेम, राजनीति, समाज, संस्कृति, प्रकृति आदिलाई विषय बनाएका छन् । गजलमा काफिया र रदिफ दुवैको संयोजन पाइन्छ । संस्कृत शास्त्रीय छन्दको प्रयोग गरेर पनि उनले गजलहरू रचना गरेका छन् ।

खोलाघरे साहिँलोको साहित्यिक यात्राको तेस्रो चरणमा पनि दुईओटा कृति प्रकाशित भएका छन् । यस चरणमा उनले कथासङ्ग्रह र सम्पादनात्मक कृति सार्वजनिक गरेका छन् । उनको लेखनमा विधागत विविधता देखिए तापनि प्रभावकारी बनेर देखापरेको विधा भने कथा नै हो । समसामयिक

कथाको उत्तरार्द्ध चरणमा आएर झट्टै देखापरेका भए पनि उनका कथाहरू नेपाली कथा साहित्यमा उपल्लो स्थानमा रहेका देखिन्छन् । देशको जल्दोबल्दो राजनीतिक अस्तव्यस्ततालाई घटना बनाई सहज प्रस्तुति गर्न कथाकार खप्पिस देखिन्छन् । यस्तै यौनमनोविज्ञानको स्वाभाविक चित्रण पनि कथामा भेटिन्छ । उनी पात्र र परिवेशको चयनमा पनि सजग र सफल छन् । आधुनिक कथाका क्षेत्रमा उनको कथासङ्ग्रहले महत्त्वपूर्ण स्थान हासिल गरेको छ ।

# चौथो परिच्छेद

## स्थापित/विस्तापित कथासङ्ग्रहको विधातात्त्विक अध्ययन

### ४.१. कथाको सामान्य चिनारी

मानिसले जीवन भोगाइका क्रममा अनेक आरोह-अवरोहहरूको सामना गर्दछ । मानवजीवन सुख, दुःख, हर्ष, विस्मात्, उमङ्ग, पीडा, उत्साह, आलस्य आदि सम्पूर्ण भावहरूको मिश्रण हो । यस्ता भावहरूलाई मानिसले कुनै न कुनै रूपमा अभिव्यक्ति दिइरहेको हुन्छ । पहिले आफ्नो भावनालाई कथ्य रूपमा अभिव्यक्ति दिइन्थ्यो । यही कथ्य अभिव्यक्तिबाट लोकसाहित्यको जन्म भयो । गाउँघर, डाँडापाखा, उकाली ओरालीमा मिठासपूर्ण भाषिक कथ्य आवाजसँगै लोकसाहित्यले जन्म पायो । अभिव्यक्तिका विभिन्न तौरतरिकाबाट लोककथा, लोकगीत, गाथा, उखान, टुक्काजस्ता विभिन्न विधाहरू जन्मन पुगे । सुनाउने र सुन्ने परम्परासँगै विकसित हुन थालेको साहित्यले कालान्तरमा लिखित स्वरूपसमेत प्राप्त गऱ्यो अनि यही लिखित रूपभित्र विभिन्न विधा-उपविधा जन्मन पुगे । लिखित साहित्यले आधुनिक युगमा आइपुग्दा मुद्रण र प्रकाशनको अवसर प्राप्त गऱ्यो । फलतः साहित्य सबैको निकटको रसास्वादनको विषय बन्न पुग्यो । आधुनिक युगमा आइपुग्दा कथाले अन्य विधाले झैं एउटा गतिलो स्थान बनायो । लोककथाको परिष्कारपूर्ण, परिपक्व तथा विधागत सचेतताको ख्याल गरिएको आधुनिक साहित्यको एउटा रूप कथा हो । यो अहिले सर्वप्रिय विधाका रूपमा परिचित बन्न पुगेको छ ।

संस्कृत साहित्याचार्यहरू कथा शब्दको व्युत्पत्ति कथ् धातुमा 'आ' प्रत्यय जोडेर गर्छन् । कथ् धातुमा नु प्रत्यय जोड्दा कथ्नु भन्ने शब्द निर्माण हुन्छ । कथ्नु भनेको रचना गर्नु हो, यसरी रचना गरिएको घटनाहरू र पात्रहरूको शृङ्खलाबद्ध प्रस्तुति नै कथा हो (भुसाल, २०६१ : २) पूर्वीय चिन्तन परम्परामा वैदिक कालदेखि नै कथाको स्वरूप प्राप्त भएको तथ्य फेला पार्न सकिन्छ । लौकिक संस्कृतका रामायण र महाभारतजस्ता विराट काव्यकृतिभित्र पनि कथा, कहानी भेटिन्छन् । अथवा साहित्यका खण्डकाव्य, महाकाव्य जस्ता विधा-उपविधागत कृतिभित्रसमेत कथाका अंशहरू भेटिन्छन् । त्यसैले अन्य विधाहरूभित्र पनि यसको अस्तित्व देखिन्छ । तथापि यो स्वाधीन विधा हो । यसको आफ्नै संरचना रहेको छ । पूर्वमा सुरुमा कथालाई आख्यान वा आख्यायिकाका नामले चिनिन्थ्यो । बिस्तारै कथालाई कथा, कहानी, किस्सा, गल्पजस्ता पर्यायवाची शब्दहरू लेखिन थाले । अङ्ग्रेजी साहित्यमा कथालाई सर्ट स्टोरी (Short Story) भनिन्छ । सर्ट स्टोरी भनेको लघुकथा हो । तर वर्तमानमा अङ्ग्रेजीको सर्ट स्टोरीलाई कथाकै रूपमा बुझिन्छ (भुसाल, २०६१ : २) ।

कथाका बारेमा पूर्व तथा पश्चिम दुवैतिर आ-आफ्ना दृष्टिकोणहरू पाइन्छन् । आर्ष महाकाव्यका रूपमा परिचित महाभारतमा कथालाई यसरी चिनाइएको छ :- आवेग र उत्तेजनामा नलागीकन आफ्नो स्वतन्त्र अध्ययनद्वारा वचनमय तपस्या सिद्ध गर्न सकिने सत्य, शिव र प्रिय हुने आख्यानलाई कथा भनिन्छ । अमरकोशकार अमरसिंहले आख्यानका पाँचओटा भेदमा कथालाई समेत समावेश गरेका छन् । पूर्वीय काव्यचिन्तक भामहका दृष्टिकोणहरू कथाका सन्दर्भमा महत्त्वपूर्ण रहेका छन् । उनले कथा र आख्यायिकाको भिन्नता देखाउँदै आख्यायिकालाई अन्य संस्कृतमा लिखित विषयानुरूप र कर्णमधुर शब्दावलीप्रधान उदस्तार्थवस्तु प्रतिपादक तथा प्रतिउच्छ्वासमा विभक्त गद्यकाव्य रचना मानेका छन् (२०५९ : ४) । अर्का विद्वान् दण्डीले भामहका दृष्टिकोणहरूलाई खण्डन गर्दै यसो भनेका छन् । "आख्यायिका, कथा, खण्डकथा, परिकथा र कथालिका गरी ५ भेदको आख्यान छन्द, अध्याय, सर्गबन्धजस्ता संरचना शिल्पभित्र पर्ने प्रसङ्गहरू कृतिका बाह्य आवरण हुन् ।" भाषा र कथनका सन्दर्भमा कुनै त्यस्तो अनिवार्य प्रावधान रहनु हुन्न । समष्टिमा सबैलाई कथा भनिदिए आपत्ति पर्दैन । आनन्दबर्द्धनले कथालाई परिकथा, खण्डकथा र सकलकथा गरी तीन भेदमा विभाजित गरेका छन् । परिकथा भनेको अनेक बृत्तान्त वर्णनयुक्त रचना हो । खण्डकथामा एकदेशीय वर्णनमात्र रहन्छ । सकल कथा चाहिँ विविध फलागमको उद्देश्य लिएर लेखिएको इत्विृत्त हो । विश्वनाथले साहित्य दर्पणभित्र आख्यायिका र कथालाई गद्यका अलग दुई विधा मानेका छन् । उनी कथालाई गद्य विनिर्मित सरस वस्तु ठान्छन् (शर्मा, २०५९ : ८) ।

उपर्युक्त पूर्वीय चिन्तनको समीक्षा गर्दा के प्राप्त गर्न सकिन्छ भने आख्यानलाई कथा र आख्यायिकाका दुई प्रकारबाट हेर्नु उपयुक्त हुन्छ । पूर्वीय आचार्यहरूको भिन्नाभिन्नै दृष्टिकोणले कथासाहित्य अन्योलमा परेको देखिन्छ । यिनीहरूका मतहरू विशेषतः लोककथाको परम्परामा जन्मिएको एउटा लिखित रूपमात्र हो ।

कथासम्बन्धी पाश्चात्य विद्वान्का मतहरू महत्त्वपूर्ण रहेका छन् । आधुनिक कथाकारको श्रेय जाने एडगर एलेन पोले कथाको सर्वप्रथम सटिक विश्लेषण गरेका छन् । उनले भनेका छन्, "कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैंमा पूर्ण हुन्छ" (श्रेष्ठ, २०६० : ७) । अर्का समीक्षक हड्सनले कथाका बारेमा यसो भनेका छन्, "एकपल्ट तयार भएको मानसिक स्थिरता भङ्ग नभई समाप्त हुने स्थितिलाई ध्यानमा राखेर लेखिएको आख्यानात्मक रचना नै कथा हो । (भुसाल २०६१ : ६) अर्का विद्वान् इर्विङले

कथा थालनीमा विचारको निरन्तर कार्यात्मक उद्योग र लालित्यलाई आवश्यक तत्त्व ठानेका छन् ( शर्मा २०५९ : १६) । पाश्चात्य विद्वान् विल्सन आर थोर्नलेले पूर्ण अनुशासित कथालाई कथित दृश्यहरूको शृङ्खला मानेका छन् भने समरसेट ममले आदि, मध्य र अन्तयुक्त विशिष्ट ढाँचाका रूपमा हेरेका छन् (श्रेष्ठ, २०६० : ७) ।

पश्चिमी समीक्षकका कथा चिन्तनले कथासम्बन्धी समस्याहरू निराकरण गरेको देखिन्छ । विशेषतः एडगर एलेन पो तथा अन्य समीक्षकका दृष्टिहरू कथाका सन्दर्भमा महत्त्वपूर्ण देखिन्छन् ।

भारतका प्रसिद्ध कथाकार प्रेमचन्दले भनेका छन्, "कथा एउटा यस्तो रमणीय बगैंचा होइन, जसमा थरी-थरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ, तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्दछ ।" नेपाली साहित्यकार देवकोटा कथाका बारेमा भन्छन्, "छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चिहाइन्छ ।" यी दुई विद्वान्का आलङ्कारिक परिभाषाबाट कथामा एउटा निश्चित घटना हुन्छ, जसले थोरै पात्रहरूको प्रयोगबाट जीवनको एक पक्षको चित्रण गर्दछ भन्ने कुरा बुझ्न सकिन्छ ।

माथि प्रस्तुत गरिएका सम्पूर्ण परिभाषाबाट निम्नलिखित अभिलक्षण प्राप्त गर्न सकिन्छ :-

- कथामा निश्चित घटना रहेको हुन्छ र त्यो आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध हुन्छ ।
- कथामा थोरै पात्र हुन्छन्, जसले घटनालाई व्यवस्थित रूपमा अगाडि बढाई निष्कर्षमा पुऱ्याउँछन् ।
- कथा आख्यानात्मक हुन्छ र यसले जीवनको कुनै एक पाटाको चित्रण गर्दछ ।
- कथाका आफ्नै संरचनात्मक अवयवहरू रहेका हुन्छन् ।
- कथा आफैंमा पूर्ण र स्वतन्त्र विधा हो, जो सर्वाधिक लोकप्रिय रहेको छ ।

## ४.२. कथाका संरचक अवयवहरू

कथाका निश्चित संरचक अवयवहरू अथवा तत्त्वहरू रहेका छन् । यस्ता तत्त्वहरूको यथोचित उपयोगबाट नै कथाले पूर्णता प्राप्त गर्दछ । ती तत्त्वहरू हुन्:

क. कथानक

ख. पात्रविधान

घ. देश, काल र वातावरण

ङ. भाषाशैली

च. दृष्टिबिन्दु

छ. सारवस्तु ।

## क. कथानक

कथानक कथाको सबैभन्दा स्थूल तत्त्व हो । कथाभित्र निश्चित घटनाक्रम तथा समुचित पात्रहरू रहेका हुन्छन् । यस्ता घटना र पात्रहरूलाई पूर्णतामा पुऱ्याउने काम कथानकले गरेको हुन्छ । कथानक कथाको सुरुवातदेखि अन्तसम्म व्याप्त रहन्छ । कथाकारका विचार, धारणा वा अनुभूतिको मूर्त रूपाकृति नै कथानक हो (श्रेष्ठ, २०६० : ९) । कथाभित्र घटनाहरू हुन्छन् र ती कार्यकारण सम्बन्धमा आधारित रहन्छन् (बराल र एटम, २०५८ : २२) । अथवा एउटा घटनाको कार्यका रूपमा अर्को घटना तथा अर्को घटनाको कारणका रूपमा पुनः अर्को घटना दोहोऱ्याइएका हुन्छन्, जसबाट कथाको सिङ्गो स्वरूप निर्माण हुन्छ । कथानक आदि, मध्य र अन्त्यमा शृङ्खलित भएको हुन्छ । आदि भाग आरम्भ र सङ्घर्ष विकास हुने स्थान हो भने मध्य भागमा घटनामा सङ्कटावस्थाको स्थिति र चरम अवस्था रहन्छन् । यस्तै अन्त्य भागमा सङ्घर्ष ह्रास हुन्छ र कथा उपसंहार या निष्कर्षतर्फ पुग्दछ ।

कथानक निर्माण गर्ने क्रममा घटनाहरूको प्रयोग विभिन्न स्रोतबाट गर्न सकिन्छ । त्यस्ता स्रोतहरूमा इतिहास, पुराण, अनुभव, पत्रपत्रिका, मिथक, स्वैर कल्पना तथा अन्य विविध परिवेश पर्न सक्छन् । कथानकभित्र घटनालाई सङ्कलन मात्र गरिँदैन, अपितु ती घटनासम्बद्ध द्वन्द्वको सिर्जनासमेत गरिन्छ (शर्मा, २०५९ : ६३) । त्यसैले चरित्रहरूबीच द्वन्द्व सिर्जना गरी कथालाई सङ्घर्षमय बनाउन यो आवश्यक तत्त्व हो ।

कथानकलाई रैखिक तथा वृत्ताकारीय ढाँचाबाट अगाडि बढाउन सकिन्छ । घटनालाई आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा अगाडि बढाइए त्यो कथानक रैखिक ढाँचाको हुन्छ भने आदि, मध्य र अन्त्यको शृङ्खलाविहीन कथा वृत्ताकारीय हुन्छन् । अर्थात् समाप्तिको बिन्दुबाट आरम्भ गर्दै सुरुवातको बिन्दुमा पुऱ्याइएका कथाहरू वृत्ताकारीय हुन् ।

## ख. पात्रविधान

कथाभित्र घटनालाई अगाडि बढाउने कार्य चरित्रले गरेको हुन्छ । चरित्रबिना कथाको कल्पना गर्न सकिन्न किनभने चरित्रबाटै यसले ऊर्जा प्राप्त गर्छ (श्रेष्ठ, २०६० : १०) । कथाभित्रको कार्यव्यापार र द्वन्द्वको स्थितिलाई गति दिन चरित्रको आवश्यकता पर्दछ । कथामा चरित्रका रूपमा मानव तथा मानवेत्तर दुवै पात्र आउन सक्छन् । अर्थात् जोन्सनले चरित्रको आवश्यकतामाथि जोड दिँदै भनेका छन्, "कथानक, घटना, वातावरण जबसम्म पात्रविधानसँग सम्बन्धित रहँदैनन्, अपेक्षाकृत बौद्धिकता र सचेत प्रकृतिको अभाव रहन्छ अनि प्रत्येक कथामा चाहे त्यो जुनसुकै प्रकृति र कोटिको किन नहोस् त्यहाँ पात्रविधानको अपरिहार्य र महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (शर्मा २०५९ : ७०) ।"

कथाभित्रका चरित्रहरूलाई विभिन्न स्थानमा राखेर अध्ययन गर्न सकिन्छ । कार्यव्यापारका आधारमा चरित्रहरू गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक, पुरुष र स्त्री, प्रमुख, सहायक र गौण, अनुकूल र प्रतिकूल, वर्गीय र व्यक्तिगत, मञ्चीय र नेपथ्य, बद्ध र मुक्त आदि (बराल र एटम, २०५८ : ३३) । विविध प्रवृत्तिका हुन्छन् । चरित्र चित्रण गर्दा यिनै कुराहरूमा विचार पुऱ्याउनुपर्दछ ।

## ग. देश, काल र वातावरण

कथा कुनै न कुनै स्थान तथा समयमा घटित हुन्छ, जसलाई देशकाल भनिन्छ । देशले कथाको भित्रको स्थानलाई निर्देशित गर्दछ । पात्र कुन ठाउँको हो, उसको सामाजिक तथा पारिवारिक पृष्ठभूमि कस्तो रहेको छ र तदनुरूप भाषाको प्रयोग गरेको छ या छैन भन्ने थाहा पाउन कथाभित्रको स्थान (देश) लाई निक्र्यौल गर्नुपर्छ । देशअनुसारको भेष भनेझैँ पात्रका लवाइखुवाई, आचार-व्यवहार, जीविकोपार्जन, सम्पर्कका पक्ष पक्षान्तरहरूसमेत कथामा देखिन आउने (भुसाल, २०६१, : १७) भएकाले स्थानको निर्धारणमा कथाकार सचेत रहनुपर्छ । स्थानझैँ समयको अवधिलाई समेत कथामा ख्याल गरिनुपर्छ । घटना घटेको समय र त्यतिखेरका पात्रहरूको दिनचर्यालाई मध्यनजर गरेमात्र कथाले राखेको उद्देश्य प्राप्त गर्न सक्छ ।

वातावरण भनेको कथा पढेपछि पाठकमा पर्ने प्रभाव हो । कथानकको विकास र पात्रहरूका क्रियाकलापसँगै पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध, उत्साह, आलस्य आदि भावको

परितृप्तिलाई नै वातावरण मानिन्छ (बराल र एटम, २०५८, ३७) यसले व्यक्तिको मानसिक भावलाई शान्त बनाउने काम गर्छ ।

## घ. भाषाशैली

कथाभित्र कथाकारले निश्चित भाषाशैलीको प्रयोग गरेको हुन्छ । भाषाशैलीको प्रयोगमा कथाका पात्रहरूको सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि विविध पक्षहरूले भूमिका खेल्छन् । पात्र कुन स्तरको छ, त्यसको ख्याल गरी तदनुरूपको भाषाशैलीको प्रयोग गरिनु उपयुक्त हुन्छ । यस्तै कथाको घटना कुन समयको हो र त्यतिखेर कस्तो भाषा प्रयोगमा थियो त्यसको निगरानी राख्नु पनि कथाकारका लागि आवश्यक हुन जान्छ । भाषाशैलीको प्रयोगबाट साहित्यिक सौन्दर्य पनि प्राप्त हुनुपर्छ । कथामा ठोस या वस्तुपरक भाषाको मात्र प्रयोग गरिन्न । साहित्यिक उत्कृष्टता प्राप्त गर्न सक्ने भाषाको चयन हुनुपर्दछ ।

कथाभित्र पात्रहरूले गर्ने कुराकानी वा वार्तालाप नै कथोपकथन हो । यसलाई संवाद पनि भनिन्छ । कथोपकथनले चरित्रको चित्रण गर्नुका साथै घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजान्छ ( बराल र एटम, २०५८ : ३५) । कथाभित्र पात्रहरूबीच अनेकन समस्याहरू सिर्जना हुन्छन् । त्यस्ता समस्याबाट विवाद उत्पन्न हुन्छ अनि उनीहरू झगडा गर्छन् । फलस्वरूप अन्त्यमा एउटा सटिक निष्कर्ष निस्कन्छ र कथा समाप्तिमा पुग्दछ । यस अवस्थामा कथालाई पुऱ्याउने तत्त्व नै कथोपकथन हो ।

वर्तमान समयमा कथोपकथनलाई कथाका सन्दर्भमा त्यति महत्त्व दिइँदैन । यो कथाको दृश्यभित्र अन्तर्भूत हुन्छ (शर्मा, २०५९ : ८१) भन्ने मानिन्छ । तथापि पात्रका आचरण, स्वभाव आदिका बारेमा थाहा पाउनलाई यसको आवश्यकता रहन्छ नै । पात्रको स्तरअनुसारको बोली तथा व्यवहारको जानकारीका लागि कथोपकथन एक उपयुक्त तत्व हो ।

## ङ. दृष्टिबिन्दु

कथालाई पाठकसामु पुऱ्याउने तत्त्व दृष्टिबिन्दु हो । कथाकारले घटनालाई कसरी प्रस्तुत गरेको छ, त्यसका आधारमा दृष्टिबिन्दु निर्धारित हुन्छ । त्यसैले कथायिताले कथावाचनका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५८ : ३९) । कथाभित्र दृष्टिबिन्दुको प्रयोग कथासामग्रीको प्रकृति र कथाकारको अभिप्राय वा उद्देश्यमा निर्भर रहन्छ (श्रेष्ठ २०६० : ११) किनभने

कुनै ठाउँमा कथालाई अगाडि बढाउँदा कथाकार स्वयम् म पात्रको रूपमा उपस्थित हुनैपर्छ भने कतै पात्रहरूको प्रयोग गर्न सकिन्छ ।

दृष्टिबिन्दुलाई प्रथम पुरुष र तृतीय पुरूष गरी सर्वप्रथम दुई प्रकारमा छुट्याउन सकिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा कथाकार कथामा स्वयम् उपस्थित भएको हुन्छ र उसले भोगेका विभिन्न घटनाहरूको वर्णन म पात्रका रूपमा गर्दछ । प्रथम पुरुष दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । केन्द्रीय दृष्टिबिन्दुमा कथाकार घटनाहरूको प्रमुख भोक्ता रहन्छ भने परिधीय दृष्टिबिन्दुमा कथाकार पात्रहरूलाई प्रमुख बनाउँदै परिधिमा रहेर घटनाको वर्णन गर्दछ । यस्तै घटना र पात्रहरूलाई प्रमुख स्थान दिई कथाबाहिर बसेर कथाकारले कथालाई अगाडि बढाइरहेको पनि हुन्छ । यसलाई तृतीय पुरुष दृष्टिबिन्दु भनिन्छ । तृतीय दृष्टिबिन्दुलाई सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारमा विभाजित गरिन्छ । कथाभित्रका घटना र पात्रका बारेमा सम्पूर्ण जानकारी कथाकारलाई नै हुने दृष्टिबिन्दु सर्वदर्शी हो । कथाकारले कुनै पात्रहरूको क्रियाकलाप तथा अनुभवमा केन्द्रित भई कथालाई अगाडि बढाउँछ भने त्यहाँ सीमित दृष्टिबिन्दु प्रयोग भएको हुन्छ । वस्तुपरक दृष्टिबिन्दुमा भने पात्रका मानसिक भावहरूमा कथाकार पुगेको हुँदैन ।

## च. सारवस्तु

कथाकारले निश्चित उद्देश्य राखेर कथाको निर्माण गरेको हुन्छ । कथालाई कुन निष्कर्षमा पुऱ्याउने अथवा कथा  पढिसकेपछि कस्तो सन्देश प्राप्त हुने भन्ने कुराको निर्धारण नै सारवस्तु हो । कथामा कुनै भाव वा विचारलाई पूर्णता दिने सिलसिलामा नै कथानकको निर्माण गरिएको हुन्छ (श्रेष्ठ २०६० : १२) । कथाको त्यही विचार परिपाकमा पुगेर पाठकले व्यवहारमा उतार्नुलाई सारवस्तु  भनिन्छ । कथामा पात्रहरूका क्रियाकलापमार्फत कथाकारले आफ्ना धारणाहरू प्रस्तुत गरेको हुन्छ । ती धारणा नै कथाका विचारवाक्य हुन् र त्यो नै सारवस्तु हो ।

## ४.३. कथासङ्ग्रह स्थापित/विस्थापितको विश्लेषणः–

खोलाघरे साहिँलोको प्रस्तुत कथासङ्ग्रह **स्थापित/विस्थापित** प्रकाशन वर्षका दृष्टिले तेस्रो कृति हो । यो कृति वि. स. २०६३ मा प्रकाशित भएको हो र यसलाई नियात्रा प्रकाशन, सं.पाले बजारमा ल्याएको हो । यसमा २०६२ र २०६३ सालमा रचना गरिएका कथाहरू सङ्कलित छन् । सुरुमा १००१ प्रति छापिएको यस सङ्ग्रहको संस्थागत २५० र व्यक्तिगत ६५ मूल्य रहेको छ । मझौला देखिने यस

कृतिभित्र पृष्ठ १ देखि पृष्ठ ७८ सम्म फैलिएका जम्मा १३ ओटा कथाहरु रहेका छन् । यसको आवरण पृष्ठमा लोकप्रिय खनालको कलाचित्र रहेको छ । कृष्ण धराबासीको समीक्षात्मक लेखले कथाको गहिराइमा पुगेर यसका प्रवृत्तिहरूलाई पहिल्याउन सकिन्छ । यहाँ स्थापित/विस्थापित शीर्षकको कथा रहेको छ भने अन्य कथाका पात्र तथा घटनाहरूसमेत स्थापित र विस्थापित भएका छन् । त्यसैले सङ्ग्रहको नाम स्थापित/विस्थापित अत्यन्त सार्थक रहेको छ । यस सङ्ग्रहका धेरैजसो कथाहरू सशस्त्र द्वन्द्वका घटना र परिघटनासँग सम्बन्धित देखिन्छन् भने केही कथा यौन विषयसँग समेत आबद्ध रहेका छन् । प्रस्तुत कथासङ्ग्रहभित्रका कथालाई कथातत्त्वका आधारमा निम्नअनुसार विश्लेषण गरिन्छ :–

### ४.३.१. कथानक

प्रस्तुत कथासङ्ग्रहभित्रका कथाहरूमा निश्चित घटनाक्रमहरू रहेका छन् । घटनालाई कथाको स्वरूप प्रदान गर्ने क्रममा मूलतः सशस्त्र द्वन्द्व र यौन मनोविज्ञानका विषयलाई उठाइएको छ । अन्य विषयसँग आबद्ध कथानक पनि कुनै न कुनै रूपमा सशस्त्र विद्रोहसँग जोडिएकै छन् । एउटा कथा विनिर्माणवाद तथा लीलालेखनको प्रभावमा रचना गरिएको छ । त्यो कथा रागिनी, अनुरागिनी हो । यस कथामा पात्र स्वयम्का निर्देशनमा कथाकारले कथा सिर्जना गरेका छन् अर्थात् यहाँ कथाकारले पात्रलाई होइन कि पात्रले चाहिँ कथाकारलाई डोहोऱ्याएको छ । भुटानी सेनाहरूले प्रजातन्त्रको आवाज उठाउने नेपाली जनतालाई दमन गरेको र खेदेको विषय पनि कथानकका रूपमा आएको छ । यस्तो कथामा सीमावार, सीमापार पर्दछ । विशेषतः माओवादी र सरकारी सेनाबीचको सशस्त्र युद्धका बेला अनाहकमा जनताले पाउनुपरेको सास्ती, त्रासद वातावरण, अन्योलपूर्ण जनताको जिन्दगी, भोग्नुपरेका शारीरिक र मानसिक यातनाहरूलाई कथानकले समेटेको छ । यस्ता कथामा **लुतो, कामरेड जयन्त** र **जयन्ते माइलो, घटनाहरू धत्तेरिका** आदि पर्दछन् । यता यौन मनोविज्ञानलाई विषय बनाइएका कथाहरू पनि रहेकै छन् । किशोर अवस्थामा थाहै नपाई केटा-केटी एकापसमा आकर्षित भई शरीर सुम्पेपछिको परिणति, प्रेमको स्वाभाविक आकर्षण, आफ्नो रोजाइको व्यक्ति प्राप्त नहुँदा मानिसले खेल्ने नकारात्मक भूमिका, पतिले अर्की स्वास्नी विवाह गरेपछि महिलामा देखापर्ने यौनको विक्षिप्त अवस्था, वैवाहिक जीवनपछि महिलामा देखापर्ने भिन्नाभिन्नै प्रवृत्ति आदिको सटिक विश्लेषण गर्न रोजिएका घटनाहरूसमेत कथानकका रूपमा महत्त्वपूर्ण रहेका छन् । यस्ता कथाहरूमा **स्थापित/विस्थापित, स्पर्श, फुटेको ऐना, समय चक्र, शारदा र शारदा** पर्दछन् । यस्तै हरेक व्यक्तिहरूका आ-आफ्नै समस्या रहन्छन् भन्ने विषयलाई जाँतो ले अनि सानैदेखि धुम्रपानको कुलतमा लाग्दा सबै गुमाउनुपर्ने अवस्था सिर्जना भएको विषयलाई अजम्बरी साथी कथाले कथानकका रूपमा प्रस्तुत गरेका छन् ।

यस कथासङ्ग्रहका सबैजसो कथा आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा आबद्ध रैखिक ढाँचामा निर्माण भएका छन् । कुनै कथाभित्रको थोरै या एउटा एउटा घटनालाई पूर्वस्मृतिमा ल्याएर बृत्ताकारीय स्वरूपको बनाइएको पनि छ । **सीमावार, सीमापार, शारदा र शारदा, फुटेको ऐना** आदिमा केही घटनाहरू स्मृतिमा आएका छन् । अन्य कथामा भने घटनाहरू एकपछि अर्को क्रमशः अगाडि बढेका छन् । घटनाहरू एक-अर्कामा जोडिन आइपुग्दा द्वन्द्वको सिर्जना हुन पुगेको छ । द्वन्द्व आन्तरिक र बाह्य दुवै प्रकृतिको देखिन्छ । सशस्त्र सङ्घर्षका समयमा भएका घटनाहरू, त्यस्ता घटनालाई स्वीकार्न नचाहने जनताका आवाज, भुटानी सेनाले गरेको ज्यादती, दुई साथीबीचको सम्बन्धमा भाँजो हाल्न आउने व्यक्तिका क्रियाकलाप आदिमा प्रशस्त बाह्य द्वन्द्वहरू भेटिन्छन् । कुनै-कुनै घटनाले सहजता प्राप्त गर्न नसक्दा पात्रहरूको मन बिथोलिएको छ, मनभित्र विभिन्न शङ्का-उपशङ्काहरू उब्जिएका छन् । अब कस्तो परिणति हुने हो भन्ने तर्कनाले जरा गाडेको छ । यस अवस्थामा पात्रभित्र आन्तरिक द्वन्द्वहरू सल्बलाएका छन् । कथाभित्र घटनाहरूको विन्यासमा सचेतता अपनाइएको छ, जसले गर्दा हरेक कथा कुतूहलपूर्ण देखिन्छन् ।

## ४.३.२. पात्रविधान

चरित्र विन्यासका दृष्टिले हेर्दा प्रस्तुत कथासङ्ग्रहका सम्पूर्णजसो कथामा घटना सुहाउँदा पात्रहरूको प्रयोग गरेको देखिन्छ । पात्रहरू घटना सुहाउँदो अनि परिवेश, जाति, उमेर तथा शिक्षा सुहाउँदो भाषाको प्रयोग गर्दछन् । पात्रहरूले आफ्ना क्रियाकलाप देखाउँदा अन्य पात्रसँग कतै प्रत्यक्ष संवाद गरेका छन् भने कतै मनोलापमा अल्झिएका छन् । कथाभित्र बालकदेखि युवा तथा वृद्धावस्थासम्मका पात्रहरू भेटिन्छन् । स्त्री तथा पुरुष दुवै पात्रको समान प्रयोग पाइन्छ । प्रमुख पात्रहरू घटनालाई जोड्दै कथालाई निष्कर्षमा पुऱ्याउन सक्षम बनेका छन् । सहायक पात्रहरू घटनाका साक्षी बनेका छन् । कथाभित्रको बाह्य द्वन्द्व प्रकटित गराउने सिलसिलामा सकारात्मक तथा नकारात्मक दुवै प्रवृत्तिका पात्रहरू रहेका छन् । राजनीतिक द्वन्द्वको विषयमा आबद्ध कथाका पात्रहरूको जीवन सङ्कटपूर्ण, चिन्तित तथा त्रासद देखिन्छ । यता यौनको विषयमा आबद्ध कथाका पात्रहरू केही रोमाञ्चित, केही उत्सुक तथा केही चिन्तित अनि दुःखित भएका देखिन्छन् ।

**स्थापित/विस्थापित** कथाकी प्रमुख महिला गतिशील पात्र सावित्रीमा पतिको विछोडले निम्त्याएको यौनको भोक व्याप्त देखिन्छ । आँपलाई यौन प्रतीक बनाइएको यस कथामा पात्र सावित्री चिलचिलाउँदा आँपका चिचिला पाकेपछि खाने इच्छा प्रकट गर्दै त्यसको विम्बबाट आफ्नो पतिको

साक्षात् मिलन र सम्भोगका सुखको आनन्द सम्झन्छे । तर आफ्नो पतिले अर्कै ल्याएर घरजम गरेको सुनेपछि उसमा रौद्र रूप देखापर्छ । परिणाममा ऊ आँपको रुख ढाल्छे । यसबाट उसले आफूमा व्याप्त यौनावेगलाई शान्त पार्न खोजेको प्रस्ट हुन्छ । लुतो कथाको खेचरबहादुर प्रमुख पुरुष पात्र हो । ऊ नेपालको बिग्रेको राजनीतिक अवस्थाको प्रत्यक्ष भोक्ता बनेर देखापरेको छ । **सीमावार सीमापार** कथामा पात्र कुमारका कष्टपूर्ण जीवनकहानीलाई म पात्र अथवा कथाकारले वर्णन गरेका छन् । कुमार भुटानी सेनाको क्रूर शासनको फन्दामा परेको सम्पूर्ण नेपालीहरूको प्रतिनिधि पात्र हो । ऊ भुटानी शरणार्थी बनेर नेपालमा आश्रित जीवन बिताउन बाध्य छ । 'जाँतो' प्रतीकात्मक कथा हो । यस कथाको केन्द्रीय, गतिशील, पञ्चीय पुरुष पात्र सबै घटनाहरूको जानकार रहेको छ । ऊ कथामा ज्यालादारी गरेर जीवन निर्वाह गर्ने गरिब पात्र बनेर देखापरेको छ । **कामरेड जयन्त र जइन्ते माइलो**, कथाका प्रमुख पात्रहरू जयन्त र जइन्ते माइलो हुन् । **जइन्ते माइलो** जयन्तजस्ता आतङ्ककारीबाट सताइएको व्यक्ति हो । ऊ कथामा आँटिलो भएर देखापरेको छ । उसले आतङ्ककारीसँग निडर भएर वाक्युद्ध गरेको छ । उसले साहसिक व्यक्तित्वका अगाडि कामरेड जयन्तले झुक्नुपरेको छ । जइन्ते माइलोले नै कामरेड जयन्तलाई विद्रोह त्यागेर जीवन बिताउने अवस्थामा पुऱ्याएको छ । स्पर्श कथाकी मखुमाया पुरुषहरूको यौनाकर्षणमा ध्यानै नदिई प्रवेश गर्ने पात्र हो । उसमा किशोर अवस्थामा हुने यौनको उत्ताउलो स्थिति देखापर्छ । उसले कमललाई थाहै नपाई स्विकारेकी छे भने अन्य दोस्रो तथा तेस्रो पुरुष पनि उसको जीवनमा जोडिन आइपुग्छन् । **अजम्बरी साथी**को दीपक अथवा भैरवबहादुर, जसलाई कथाकारले म मात्रका रूपमा उभ्याएका छन् । ऊ धुम्रपानको नराम्रो लतमा फसेको व्यक्ति हो । यही कुलतको परितृप्तिका लागि उसले कक्षा आठ पढ्दापढ्दै आफ्नो घर छोडेको छ, परिवारसँग विछोडिएको छ । नेपालका भैरहवा, पाल्पा, तनहुँजस्ता ठाउँमा भौंतारिएको छ अनि भारतका बनारस, हरिद्वार, गुजरातजस्ता ठाउँमा पुगेको छ । उसले जीवनमा उसकी दौंतरी तृप्ति देखिएकी छे, जसलाई ऊ सानी भन्न रुचाउँछ । चुरोट खाने बानीले नै उसले आफ्नी प्रिय साथी तृप्तिलाई छोड्नुपरेको छ । यही कारणबाट ऊ धेरै ठाउँ हेलित तथा प्रताडित हुनुपरेको छ । जीवन धेरै बित्न नपाउँदै साह्रै दुःख प्राप्त गरेको सहानुभूति प्रकट गर्न लायक पात्र हो दीपक । '**फुटेको ऐना**' कथाका प्रमुख पात्रमा बिस्ने र मैयाँ रहेका छन् । यहाँ बिस्नेले मैयाँलाई प्राप्त गर्न चाहँदाचाहँदै पनि नसकेकाले उसको प्रेम ऐना फुटेझैं फुटेको छ । यता मैयाँ आतङ्ककारी गुटमा रहेकी छे । ऊ बिस्नेको प्रेमलाई बेवास्ता गर्छे । ऊ अरूलाई तर्साएर आफू सुविधाभोगी बन्न पुगेकी छे । '**घटनाहरू**' कथामा एउटै सन्दर्भमा उनिएका चारओटा घटना छन् र त्यसलाई जोड्ने प्रमुख पात्र ऊ रहेको छ । ऊ बिसे नगर्चीको विम्ब बनेर देखापरेको छ । इतिहासमा त्यस्ता बिसे नगर्चीहरू छन्, जसले धेरै पीडाहरू भोगेका छन्  तर तिनीहरू इतिहासकै

गर्तमा हराएका छन् । इतिहास त शक्तिशाली व्यक्तिको मात्र हुन्छ । यस कथाको ऊ पात्र त्यस्तै अवस्थाबाट गुज्रिएको छ । उसका छोराहरू, नातिनी सेनाबाट तथा अन्य खराब चरित्रका व्यक्तिबाट मारिएका छन्, लुटिएका छन् । तर चर्चा त्यस्तै व्यक्तिहरूको मात्र भएको छ । समयचक्रमा एउटा पुरुष पात्र प्रकाशजी महिलाहरूको विविध प्रवृत्तिसँग जोडिन आइपुगेका छन् । उनलाई प्रथम दुलहीले जति माया प्रेम दिई व्यवहारमा साथ दिएकी थिई, दोस्री दुलहीले त्यति नै बेवास्ता गरेकी छे । उनी जीवनबाट ठगिएका, हेपिएका, सोझा पात्र हुन् । उनले नारीका विविध राम्रा-नराम्रा आचरणहरूलाई भोगेका छन् । **शारदा र शारदा** कथामा शारदा नाम गरेका स्त्री र पुरुष दुई चरित्रका मनोलाप प्रस्तुत गरिएको छ । उनीहरूले अतीतको यौन क्रियाकलापको सुखद र स्मरण गरेका छन् । उनीहरूको प्रेम पिर्थेजस्ता खराब व्यक्तिको व्यवहारबाट तुहिएको छ । यी दुई पात्रले अतीतका घटनालाई स्मृतिमा राख्दै कथा अगाडि बढाएका छन् । धत्तेरिका कथामा विद्रोहका समयमा बिताउनुपर्ने अन्योल र शङ्कास्पद जिन्दगीको प्रस्तुति रहेको छ । यस्तो अन्योलमा म पात्र (कथाकार) परेका छन् । म पात्रमा पञ्चमीको जङगलमा देखिएको कुनै स्त्रीको अस्तव्यस्त कपडाबाट हुँडलो मच्चिएको छ । उसमा अनेकानेक शङ्का-उपशङ्काहरू उब्जिएका छन् । मङ्गोल जातिको एक व्यक्तिले ठाउँठाउँमा भौंतारिने पागलजस्ती एउटी लाटीका कपडाहरू हुन् भनेपछि मपात्रका शङ्काहरू निराकरण भएका छन् । यहाँ लाटी घटनालाई जोड्ने सूत्र बनेकी छे । रागिनी, अनुरागिनी अन्य कथाभन्दा केही भिन्न ढाँचामा रचना गरिएको छ । यस कथाकी ऊ पात्र कथाकारलाई नियन्त्रित गर्दै आफ्नो विगतको घटनांश सुनाउँछे । ऊ पतिबाट शारीरिक र मानसिक दुवै प्रेम प्राप्त गर्न नसकेकी  महिला हो । उसमा यौन तृप्तिको चाहना रहेको छ । आफ्ना गुरुजीसँग देखाएको व्यवहारले र मच्छरको विम्बले यसको पुष्टि गर्दछ ।

यसरी घटनासुहाउँदा पात्रहरूको संयोजन गर्दै कथाले विषयवस्तुलाई निष्कर्षमा पुऱ्याएका छन् । चरित्रचित्रण गर्दा प्रदर्शनात्मक तथा वर्णनात्मक पद्धति अपनाइएको छ । पात्रबीचको संवादले पनि पात्रविधानमा सहयोग पुऱ्याएको छ । कति कथाहरूमा पात्रको मनोकथानबाट समेत पात्रविधान गरिएको पाइन्छ ।

### ४.३.३. देश, काल, वातावरण

पर्यावरणभित्र देश, काल, वातावरण पर्दछन् । प्रस्तुत कथाका घटनाहरूले नेपाल र नेपालबाहिरका विभिन्न स्थानका दृश्यहरूलाई प्रतिविम्बित गरेका छन् । देशभित्र पहाड र तराईका विभिन्न स्थान र स्थानगत प्रकृतिको सहज प्रस्तुति पाइन्छ । पहाडी परिवेशमा सिर्जित कथामा मूलतः

पूर्वीनेपालका पाँचथर र इलामका साथै पाल्पा, गोर्खासम्मका स्थानहरूको वर्णन भेटिन्छ । पहाडी जङ्गल, खोलानाला, झरना, पसल, घरपरिसर, उकालीओराली, घाँसदाउरा गर्दाका दृश्य आदिलाई पहाडी परिवेशभित्र अटाइएको छ । मधेसी परिवेशमा झापाका दमक, शनिश्चरेका साथै पश्चिमको भैरहवा तथा तनहुँका दृश्यलाई समेटिएको छ । नेपालबाहिरको परिवेशलाई प्रस्तुत गर्ने क्रममा कथा भुटान र भारतका विभिन्न स्थानमा पुगेको छ । **सीमावार सीमापार** कथामा भुटानको परिवेश समेटिएको छ । यो परिवेश प्रत्यक्ष नभएर वर्णनमा आएको भए तापनि यसले भुटानी सेनाको ज्यादतीलाई छर्लङ्ग पारेकै छ । **अजम्बरी साथी** कथाभित्र भारतका विभिन्न स्थानहरूको भ्रमण पात्रले गरेको छ । भारतका नौतनवी, बडहर कोठी, हरिद्वार, बनारस, गङ्गानदी, गुजरातको बडोदा सहर आदि स्थानहरू आएका छन् । कथाभित्रका घटनासुहाउँदो परिवेशको निर्माण यस कथासङ्ग्रहभित्र प्राप्त हुन्छ ।

यस कथासङ्ग्रहभित्रका धेरैजसो कथा माओवादी र सरकारी सेनाबीचको सशस्त्र द्वन्द्वको समयका देखिन्छन् । भुटानले त्यहाँबाट नेपालीलाई खेदाएको समय सन्दर्भसँग सम्बन्धित कथा पनि रहेकै छ । यस्तै यौनको विषयमा आबद्ध कथाहरूमा पात्रको उमेरगत अवस्थाबाट समय निर्धारित भएको छ ।

सङ्ग्रहका कथा पढ्दा पाठकभित्र एक किसिमको तनाव, रिस, ईर्ष्या, प्रेम, सद्भाव आदि भावहरू उब्जन पुग्छन् पाठकमा सेनाले गरेको अत्याचारबाट सेनाप्रति असन्तुष्टि अनि माओवादीहरूले गरेको अन्यायबाट माओवादीहरूप्रति आक्रोश स्वाभाविक रूपमा उत्पन्न हुन्छ । कथाका हरेक पात्रहरूले बेहोरेका सुखदुःखमा पाठकले साथ दिइरहन सक्छन् । त्यसैले देशकाल वातावरणका सन्दर्भबाट हेर्दा कथाहरू प्रभावोत्तेजक रहेका छन् ।

## ४.३.४. दृष्टिबिन्दु

प्रस्तुत कथासङ्ग्रहका कथाहरूमा मिश्रित दृष्टिबिन्दुको प्रयोग गरिएको छ, अथवा यहाँ प्रथम पुरूष आन्तरिक र तृतीय पुरुष बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भेटिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा म पात्रले भोगेका, अनुभव गरेका अनि सम्झिएका विभिन्न घटनाहरूको प्रस्तुति रहेको छ । प्रथम पुरुष दृष्टिबिन्दुमा कुनै कथाकार स्वयम् उपस्थित भएका छन् भने कतै पात्रलाई प्रथम पुरूष दृष्टिबिन्दुमा आबद्ध गरी प्रस्तुत गरेका छन् । तृतीय पुरुष दृष्टिबिन्दुकै प्रयोगमा पनि पात्रले अरूलाई आफ्नो जीवनको घटनांश प्रस्तुत गर्दा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग

भएका कथाहरूमा **सीमावार सीमापार, स्पर्श, अजम्बरी साथी, शारदा र शारदा** र **धत्तेरिका** पर्दछन् । **रागिनी अनुरागिनी** कथामा भने प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको समान प्रयोग पाइन्छ ।

तृतीय पुरुषको प्रयोगमा कथाकारले कुनै पात्रलाई उपस्थित गरेर घटनाको वर्णन गरेका छन् । तृतीय पुरुषमा नाम तथा सर्वनामको प्रयोग गरेर पात्रहरू चयन गरेका छन् । यस्ता पात्रहरूले देखाइका व्यवहार र भोगेका घटनालाई कथाकारले सहज रूपमा प्रस्तुत गरेका छन् । यस्ता कथाहरू प्रथम पुरुषभन्दा तृतीय पुरुष दृष्टिबिन्दुमा रहेर लेखिएका बढी छन् । तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका कथाहरूमा **स्थापित/विस्थापित, लुतो, जाँतो, कामरेड जयन्त र जइन्ते माइलो, फुटेको ऐना, घटनाहरू** र **समय चक्र** पर्दछन् ।

## ४.३.५. भाषाशैली

प्रस्तुत, **स्थापित विस्थापित**, कथासङ्ग्रहका कथाहरूमा पात्र सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । देशकाल सुहाउँदो भाषाको प्रयोगले कथालाई स्वाभाविक बनाएको छ । यसमा जटिलभन्दा सरल र सहज भाषाशैलीको प्रयोग भेटिन्छ ।

विचलनशीलभन्दा कर्ता, कर्म र क्रियाको क्रमिक विन्यासमा वाक्यगठन भएका भए पनि वाक्यभित्र साहित्यिक सामर्थ्य प्रशस्त भेटिन्छ । कतैकतै आलङ्कारिक स्वरूपका भाषाहरूसमेत प्रयोग गरिएका छन् । प्रतीकात्मक कथनहरूले कथालाई विशिष्ट र अप्रत्यक्ष रूपबाट पात्रका चरित्रलाई बुझ्न मद्दत गरेका छन् । प्रतीकात्मक अभिव्यक्तिका उदाहरण हेरौं :

*भर्खरै उसले आफ्नो पोइजस्तो र भुँतराहरूजस्तो देखेका ती केटाहरू अब त्यही आँपमा झ्याम्मिएर घुमिरहेजस्तो लाग्छ उसलाई । सावित्री आँगनको पल्लो छेउसम्म तिनीहरूलाई लघार्दै जान्छे अनि फेरि फर्केर आएर जोडजोडसँग आँपको फेदमा बन्चरो हान्न थाल्छे ।* (स्थापित/विस्थापितः ६) ।

यहाँ सावित्रीको यौनावेगलाई प्रतीकात्मक कथनबाट अभिव्यक्ति दिइएको छ । ऊ हरेक केटाहरूमा आफ्नो पतिको प्रतिविम्ब देख्छे र तिनीहरू भँवराझै झुम्मिन आएको ठान्छे । उसले फलिरहेको आँपको फेदमा बन्चरो हान्नुले यौनको चाहनालाई समाप्त पार्न खोजेको प्रस्ट हुन्छ ।

*अहिले माथिकै कोठामा भए पनि ऊ ठीक मभन्दा माथि छ, म ऊभन्दा ठीक तल छु, तल्लो कोठामा । उसबेला पनि ऊ मभन्दा माथि हुन्थ्यो, म ऊभन्दा तल हुन्थे । तर यस्तो तलमाथि होइन, अर्कै तलमाथि, नजिकको तलमाथि । कति रमाइलो थियो त्यो बेला ।* (शारदा र शारदा : ६३) ।

यस कथनले नायिकाको शारीरिक सम्पर्कको रमाइलो अनुभूतिलाई संस्मरणात्मक रूपमा प्रस्तुत गरेको छ ।

कथालाई पात्र र परिवेश सुहाउँदो बनाउने क्रममा तदनुरूपको भाषाको प्रयोग भेट्न सकिन्छ । लिम्बू जातिहरूमा छोराछोरीले आफ्ना बाबुआमालाई उच्च नभई मध्यम आदरार्थीको प्रयोग गर्छन् भन्ने कुरालाई आइतमानको छोराले बाबु हेरन, मेरो त डटपेनले लेख्दै लेख्दैन (जाँतोः १७) भनेको अभिव्यक्तिबाट बुझ्न सकिन्छ । यस्तै **अजम्बरी साथी** कथामा भारतीय बोल्ने हो तो सिगरेट पिना छोड्दो, सुनो, तुम कल सुबह अपना बोरियाविस्तार बाँधके यहाँसे चले जाना, जानते हो जी, नेपाली मे, सिगरेटको ठुन्को कहेते हैं जस्ता वाक्यहरू समावेश गरिएका छन् । यस्ता कथनले पात्र र स्थान सुहाउँदो भाषाको प्रयोग भएको प्रस्ट हुन्छ ।

यसरी सरल र स्वाभाविक भाषाको प्रयोग गरेर कथाकारले कथालाई यथार्थवादी र मौलिक बनाउने प्रयास गरेका छन् ।

## ४.३.६ सार वस्तु

प्रस्तुत **स्थापित विस्थापित** कथासङ्ग्रहका धेरै कथा सामाजिक र मनोवैज्ञानिक यथार्थवादमा आधारित रहेका छन् । सामाजिक यथार्थवादी कथाहरूमा माओवादी विद्रोह र सरकारबीचको द्वन्द्वबाट समाजमा उत्पन्न त्रासद वातावरणको वस्तुतथ्यलाई प्रस्तुत गरिएको छ । हरेक जनताले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ, उनीहरूले भयरहित वातावरणमा जीवन गुजार्न पाउनुपर्छ । जनताका नाममा जनतालाई दुःख दिएर कुनै पनि राजनीति सफल हुन सक्दैन भन्ने सार कुरालाई कथाहरूले अगाडि ल्याउन चाहेका छन् । नेपालमा राजनीतिक स्थिरताको आवश्यकता छ । प्रजातन्त्रको पूर्ण प्राप्तिको महसुस जनताले गर्न पाउनुपर्छ । हत्याहिंसाका शृङ्खलाहरू बन्द गरिनुपर्छ । सबै जनतालाई त्रासद समस्याबाट मुक्ति दिनुपर्छ । शङ्कारहित जीवन निर्वाह गर्ने हरेक नागरिकको चाहना हुने भएकाले यस्तो चाहनाको प्रत्याभूति हुनुपर्छ भन्ने विचारहरू कथामा पाइन्छन् । अर्कातिर यौनको स्वच्छ प्रयोगतर्फ सचेत गराउने कथा पनि भेटिन्छन् । यौनाकर्षणमा झ्वाट्टै प्रवेश गरेर जीवन बर्बाद पार्नु हुँदैन । शारीरिक र मानसिक प्रेम बेग्लाबेग्लै हुन् । आफूलाई मनमुटुदेखि चाहने व्यक्तिबीचमा मात्र प्रेमसम्बन्ध कायम गर्नुपर्छ र भविष्यमा हुन सक्ने दुर्घटनाबाट बच्न सिक्नुपर्छ । विवाह भइसकेका पति-पत्नीबीच एउटा सुखद सम्झौता हुनुपर्छ । जीवन एक-अर्कामा समर्पित भई आउँदा दिन गुजार्ने सम्झौता भए मात्र सुखद समय बित्न सक्छ । श्रीमान्ले श्रीमती र श्रीमतीले श्रीमानलाई दुःख दिने

व्यवहारको अन्त्य हुनुपर्छ । बीचैमा छाडेर एक-अर्का बिचल्लीमा पर्नुहुँदैन । दाम्पत्य जीवनमा अवरोध सिर्जना गर्न खोज्ने खराब नियतका व्यक्तिहरूबाट सदैव सचेत रहनुपर्छ र आफ्ना पाइला अगाडि बढाउनुपर्छ । प्रेममा स्वच्छ  यौनिक क्रियाकलाप आवश्यक छ, तर यसको दुरुपयोग गर्दा जीवन बर्बाद हुन सक्छ, त्यसैले सतर्कता अपनाउनुपर्छ भन्ने यिनै र यस्तै सार कुराहरू कथाभित्र भेटिन्छन् । कथाका पात्रहरूको भूमिकाले यस्तै किसिमका उद्देश्यहरूलाई प्रस्तुत गर्न चाहेको छ ।

'कथ्' धातुमा 'आ' प्रत्यय लागेर कथा शब्द निर्माण भएको हो । 'कथ्' 'धातुमा' 'नु' लगाउँदा कथ्नु हुन्छ र यसको अर्थ रचना गर्नु भन्ने हुन्छ । यसरी हेर्दा त्यस्तो रचना कथा हो जहाँ घटना र पात्रको समुचित निर्वाह गरिएको हुन्छ । संस्कृत साहित्यमा कथालाई आख्यान, आख्यायिका भनिन्थ्यो भने अङ्ग्रेजी साहित्यमा सर्ट स्टोरी (Short Story) भनिन्छ ।  कथामा घटना र पात्रलाई शृङ्खलाबद्ध ढङ्गबाट अगाडि बढाइन्छ । घटनाहरू पात्र सुहाउँदा हुनुपर्छ र आदि, मध्य र अन्त्यको संरचनामा संरचित हुनुपर्छ । कुनै एउटा विषयलाई समाती जीवनको एउटा अंशको चित्रण गर्दै निष्कर्षमा पुऱ्याउनु कथाको धर्म हो । कथाभित्र निश्चित संरचक अवयवहरू हुन्छन् र तिनको यथोचित निर्वाह कथाकारले गर्नुपर्छ । त्यस्ता अवयवमा कथानक, पात्रविधान, कथोपकथन, देश, काल, वातावरण (पर्यावरण), दृष्टिबिन्दु, भाषाशैली र सारवस्तु पर्दछन् ।

खोलाघरे साहिँलोको तेस्रो कृति **'स्थापित/विस्थापित'** (२०६३) कथासङ्ग्रहमा १३ ओटा कथा समावेश रहेका छन् । धेरै कथाहरू सशस्त्र द्वन्द्व र त्यसले निम्त्याएको परिणतिसँग सम्बन्धित देखिन्छन् । केही कथा भने मानिसको यौन र सामान्य जीवनसँग आबद्ध बनेका छन् । धेरै कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा सिर्जना भएका छन् भने केही वृत्ताकारीय प्रकृतिका छन् । पात्रहरू घटनालाई सुहाउने किसिमबाट नियुक्त भएका छन् । पात्रहरूका संवादमा पात्रको स्तर, परिवेश, जनजीवन र भाषिक स्थितिलाई ख्याल गरिएको छ । नेपालका पहाड र तराईका विभिन्न क्षेत्रका साथै भारतीय भूमिलाई समेत यहाँ परिवेश बनाइएको छ । कतिपय परिवेशहरू नेपथ्य रूपमा पनि आएकै छन् । कथाका घटना र पात्रहरू सशस्त्र द्वन्द्व समाप्तिका समेत देखिन्छन् । विशेषत गरिबी, बसाइँसराइसँग सम्बन्धित जीवनका घटनाहरू द्वन्द्वपछिका रहेका छन् । भाषाशैली हेर्दा कथाभित्र पात्रअनुकूल कथन प्रस्तुत भएको छ । नेपाली भाषाका क्षेत्रीय भाषिकाका साथै हिन्दी भाषाको आंशिक प्रयोगसमेत कथामा पाउन सकिन्छ । प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग पाइने यस सङ्ग्रहका कथामा मिश्रित कथनपद्दति रहेको छ । कथाभित्र विभिन्न सन्देश प्रवाहित गर्न खोजिएको छ । जनताको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारलाई मुख्य रूपमा उठाइएको छ । प्रजातन्त्रको पूर्णप्राप्तिको अनुभूति हुनुपर्ने आग्रह

गरिएको छ । यस्तै यौनलाई विभिन्न सन्दर्भबाट केलाउँदै आत्मिक प्रेममा एकैचोटि शारीरिक आकर्षणलाई ल्याउन नहुने सन्देश दिइएको छ । यसरी विभिन्न सन्देश प्रस्तुत गर्न पात्रको भूमिका प्रशंसायोग्य देखिन्छ ।

# पाँचौं परिच्छेद

## उपसंहार

मेची अञ्चल पाँचथर जिल्ला मौवा गा.वि.स. वडा. नं. १ मा जन्मिएका गङ्गाप्रसाद अधिकारी नै नेपाली साहित्य क्षेत्रका खोलाघरे साहिँलो हुन् । उनी मोहनलाल अधिकारी र मनोरमा अधिकारीका साहिँला पुत्र हुन् । खोलाको किनारमा घर भएकाले उनले आफ्नो साहित्यिक उपनाम नै 'खोलाघरे साहिँलो' राखेका छन् ।

खोलाघरे साहिँलोको बाल्यकाल पाँचथर गाउँकै वरपर बितेको देखिन्छ । आमाका नैतिक आचरण, व्यवहार र उपदेशबाट उनको बाल्यकाल प्रभावित भएको पाइन्छ । यसको प्रभाव उनमा पछिल्लो समयसम्म पनि रहिरहेको छ । खोलाघरे साहिँलोले बाल्यकालीन प्रारम्भिक शिक्षा गाउँकै श्री इन्द्रेणी मा.वि. बाट लिएका हुन् । त्यसपछि उनी विष्णु मा.वि. इलाम आइपुग्छन् । पढाइलाई निरन्तरता दिने क्रममा संस्कृतप्रेमी साहिँलो हरिद्वार, भारतको चेतनज्योति संस्कृत विद्यालय र बनारसको नेपाली संस्कृत महाविद्यालय पुगेका छन् । भारतबाट फर्केपछि उनले महेन्द्ररत्न क्याम्पस इलाम र विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट उच्च शिक्षा ग्रहण गरेका छन् । यहाँसम्म आइपुग्दा उनले नेपाली मूल विषयमा स्नातकोत्तर शिक्षा हासिल गरिसकेका छन् । हाल उनी श्री दुर्गा उच्च मा. वि., रवि, पाँचथरमा प्राध्यापन पेसामा संलग्न देखिन्छन् । उनमा पूर्वीय संस्कृत साहित्य, भारतीय भाषासाहित्य र नेपाली भाषासाहित्यमा राम्रै दख्खल रहेको छ ।

खोलाघरे साहिँलोले २०३१ साल वैशाख १८ गते १८ वर्षको उमेरमा सरस्वती रिजालसँग विवाह गरेको देखिन्छ । उनको विवाह वंशज या कुल परम्पराका आधारमा भएको हो । उनका ३ जना छोराछोरी छन् । दुई छोरामध्ये जेठा भुवनेश्वर अधिकारी अमेरिकामा छन् भने कान्छा छोरा योगेन्द्र अधिकारी काठमाडौंमा प्राध्यापनरत छन् । उनकी एउटी मात्र छोरी इन्दुको विवाह भइसकेको छ । उनले आफ्ना सन्तानमध्ये दोस्रो सन्तानलाई जन्मँदै गुमाएका छन् भने आमाबुबाको दुःखद निधनको पीडासमेत भोगिसकेका छन् ।

प्रशस्त धनसम्पत्ति नभएका खोलाघरे साहिँलो मध्यम वर्गीय परिवारका व्यक्ति हुन् । उनले सुरुका दिनमा आर्थिक अवस्थासँग धेरै जुध्नुपरेको छ । अहिले छोराको अमेरिका बसाइ र आफ्नो

शिक्षण पेसाबाट आर्थिक स्थिति सुदृढ भएको देखिन्छ । पाँचथरमा जन्मिएका साहिँलो हाल इलामको फुएंतप्पामा बसोबास गर्दै आइरहेका छन् ।

साहित्यकार खोलाघरे साहिँलो वि.सं. २०३० बाट साहित्यक्षेत्रमा देखापरेका हुन् । यस सालमा नेपाली छात्रसङ्घ हरिद्वार, (भारत) को वार्षिक मुखपत्रमा प्रकाशित **'गरिबको विलाप'** कविता उनको प्रथम प्रकाशित रचना हो । उनले हालसम्म कविता, कथा, गजलजस्ता विधाहरूमा कलम चलाइसकेका छन् । उनी सम्पादन क्षेत्रमा समेत लागेको देखिन्छ । उनी साहित्यकार लक्ष्मीप्रसाद देवकोटा, कृष्ण धरावासी, विवश पोखरेल, चन्द्रमणि अधिकारीहरूबाट विशेष प्रभावित रहेका छन् । उनका हालसम्म **'आज एउटा जुलुस निस्किँदै छ'** (कवितासङ्ग्रह, २०५७), **जिजीविषा रिक्त/रिक्त** -गजल सङ्ग्रह, २०६२), **स्थापित/विस्थापित** (कथासङ्ग्रह, २०६३), **पाँचथरका नारी हस्ताक्षर** (सम्पादनात्मक कृति, २०६४) हरू प्रकाशित भइसकेका छन् ।

साहित्य र समाजको सेवा गरेबापत उनलाई विभिन्न मानसम्मानहरू प्राप्त भएको छ । उनी कञ्चन साहित्य समाज, पाँचथर तथा सामना साहित्यिक परिवार, पाँचथरबाट सम्मानित भएका छन् भने महानन्द पुरस्कारबाट पुरस्कृत बनिसकेका छन् । उनी हाल 'वाणी प्रकाशन' विराटनगर, जीवन स्मृति प्रतिष्ठान, दमक, नेपाल रेडक्रस सोसाइटी, पाँचथर शाखा, रवि किरण पाक्षिक, रवि साप्ताहिक जस्ता सामाजिक तथा साहित्यिक सङ्घसंस्थाहरूसँग आबद्ध रहेका छन् ।

उनी साहित्यिक तथा शैक्षिक क्षेत्रमा आबद्ध हुने क्रममा देशविदेशका विभिन्न स्थानको भ्रमणमा निस्किएका छन् । भ्रमणका क्रममा उनले स्थानीय रङ र विशेषतालाई राम्ररी बुझ्ने अवसर प्राप्त गरेका छन्, जसको प्रयोग उनका साहित्यिक कृतिहरूभित्र भेट्न सकिन्छ ।

खोलाघरे साहिँलो गम्भीर प्रकृतिका स्रष्टा हुन् । एकान्त स्थल, प्राकृतिक वातावरण तथा कुनै घटनाको प्रत्यक्ष प्रभावबाट उनमा साहित्यिक ऊर्जा प्राप्त हुन्छ  र साहित्यिक वीज उम्रन पुग्छ । उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हालचालको जानकारीका लागि विभिन्न पत्रपत्रिका पढ्ने, रेडियोका विभिन्न कार्यक्रम सुन्ने र टेलिभिजनका दृश्यहरू हेर्ने गर्दछन् । उनमा जीवन भोगाइका यथार्थतालाई टिपेर साहित्य सिर्जना गर्ने सोख देखिन्छ । त्यसैले पनि उनका हरेक रचनाहरू खासगरी कथाहरू यथार्थताको निकट देखिन्छन् ।

उज्ज्वल मुखाकृतिका धनी खोलाघरे साहिँलो राष्ट्र र राष्ट्रियताप्रति सदैव सम्मानित विचार राख्छन् । उनको छरिएको साहित्यिक व्यक्तित्वभित्र कतै न कतै देशप्रेम, जातिप्रेम तथा प्रकृतिप्रेम

झल्किएकै पाइन्छ । उनी कवि, कथाकार, गजलकार तथा सम्पादक हुन् तथापि उनको साहित्यिक प्रभाव विशेषतः कथाहरूमा भेट्न सकिन्छ । साहित्यिक व्यक्तित्वका अलावा उनी समाजको सुधार चाहने समाजसेवी, समतामूलक धर्मप्रति झुकाव राख्ने धार्मिक, शिक्षाक्षेत्रको पथप्रदर्शक शैक्षिक विभिन्न भाषाका चिन्तक भाषिक तथा गम्भीर विषयमा चिन्तन गर्ने चिन्तनशील व्यक्तित्व पनि हुँदै हुन् । उनका हरेक व्यक्तित्वले साहित्यसँग घनिष्ट सम्बन्ध गाँसेका छन्, त्यसैले नै साहित्यिक कृतिहरू सजीव बन्न पुगेका छन् ।

**स्थापित/विस्थापित** उनको कथासङ्ग्रहको कृति हो । यस कथासङ्ग्रहको प्रकाशन वि.सं. २०६३/०८/२५ गते नियात्रा प्रकाशन, झापाद्वारा भएको हो । उनले यस कथासङ्ग्रहमा जम्मा १३ वटा कथा सङ्ग्रहित गरेका छन् । यस कथा सङ्ग्रहको पहिलो कथाको रूपमा स्थापित/विस्थापित कथा रहेको छ । यसै कथाको नामबाट **स्थापित/विस्थापित** कथासङ्ग्रह राखिएको हुन सक्छ । यसपछि **लुतो, सीमावार/सीमापार, जाँतो, कामरेड जयन्त र जइन्ते माइलो, स्पर्श, अजम्मरी साथी, फुटेको ऐना, घटनाहरू, समयचक्र, शारदा र शारदा, धत्तेरिका र रागिनी/अनुरागिनी** कथाहरु रहेका छन् । यस सङ्ग्रहभित्रका कथाहरू घटीमा चार पृष्ठ देखि बढीमा चौध पृष्ठसम्म विस्तार भएका छन् । यस सङ्ग्रहभित्रका कथाहरूले हाम्रै वरपरका विषयवस्तुलाई समेटेको पाइन्छ । आधुनिक चेत, सोच र बौद्धिकताले परिपक्व भएका सङ्ग्रहका प्रत्येक कथाहरू अत्यन्त मर्मस्पर्शी रहेका छन् । खोलाघरे साहिँलोका यी कथाहरूले सबैभन्दा बढी मानिसको पीडाको क्षणको सम्बोधन गरेका छन् भने शोषणका नवसंस्कारहरूको उछितो काँडेका छन् । देशमा चलेको दशवर्षे जनयुद्धबाट आक्रान्त ग्रामीण जीवनको पीडा उनका कथाको आधारभूमि छ । कतै-कतै स्वैरकल्पनाको शैलीबाट पनि कथा रचना भएका छन् । समग्रमा भन्दा यस सङ्ग्रहका कथाहरू तत्कालीन द्वन्द्व, सामाजिक यथार्थ, प्रगतिवाद तथा कहीँकतै लीलाका बहुआयामिक छापहरू पाउन सकिन्छ ।

कथामा सामाजिक यथार्थ र मनोवैज्ञानिक यथार्थलाई मुख्य विषयवस्तु बनाइएको छ । घटना र त्यससँग सुहाउँदा पात्रको प्रयोगले कथाहरू सजीव देखिन्छन् । प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग गरी रचना गर्ने खोलाघरे साहिँलोका कथाका परिवेशले फराकिलो स्थान ओगटेका छन् । परिवेशहरू नेपालका विभिन्न स्थान हुँदै भारत र भुटानसम्म पुगेका छन् । पात्र सुहाउँदो भाषाशैलीको प्रयोगले कथाहरूमा नवीनता भेट्न सकिन्छ ।

खोलाघरे साहिँलो बढी प्रभावकारी बनेको विधा भने कथा हो । उनले वि. सं. २०६३ मा कथासङ्ग्रह 'स्थापित/विस्थापित' प्रकाशित गरेका छन् । समसामयिक कथाको उत्तरार्द्ध चरणमा आएर

झट्टै देखापरेका भए तापनि उनका कथाहरू नेपाली कथा साहित्यमा उपल्लो स्थानमा रहेका देखिन्छन् । देशको जल्दोबल्दो राजनीतिक अस्तव्यस्ततालाई घटनाहरू बनाई सहज प्रस्तुति गर्न कथाकार खप्पिस देखिन्छन् । यस्तै यौनमनोविज्ञानको स्वाभाविक चित्रण पनि कथामा भेटिन्छ नै । पात्र र परिवेशको उपयुक्त चयनमा उनी सजग, सचेत र सफल रहेका छन् । आधुनिक कथाका क्षेत्रमा उनको कथासङ्ग्रहले महत्त्वपूर्ण स्थान राखेको छ । राष्ट्रिय स्तरबाट बढी चासो नराखिएका भए तापनि खोलाघरे साहिँलो मोफसल साहित्यका वरिष्ठ कथाकार हुन् ।

# सन्दर्भ सामग्री सूची


ओझा, दशरथ (सन् १९७५) **समीक्षा शास्त्र**, दिल्लीः राजपाल प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पां २०६०), **नेपाली कविता भाग- ४** दो. सं. ललितपुरः साझा प्रकाशन ।

(२०५५) **नेपाली बृहत् शब्दकोश,** छै. सं. काडमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, घनश्याम 'परिश्रमी' (२०६४), **गजल सौन्दर्य मीमांसा,** रूपन्देहीः सनसाइन आवासीय उ.मा. वि. ।

पौडेल, विष्णुप्रसाद (२०६६), **संस्कृत काव्यशास्त्र** दो. सं. काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पौडेल, ज्ञानुवाकर (२०६०), **स्नेहकै छाती अचानो,** ललितपुरः साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पादक) (२०५५), **नेपाली साहित्य कोश,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि (२०६०), **गीत सिद्धान्त र इतिहास,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

(२०५५) संदृष्टि, ललितपुरः साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** दो सं. ललितपुरः साझा प्रकाशन ।

भुसाल, गुणाकर (२०६१), **आधुनिक नेपाली आख्यान** दो. सं. काठमाडौं क्षितिज प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०४६), **क्षेत्रप्रताप अधिकारीको काव्य प्रवृत्ति,** काठमाडौं नेपाली केन्द्रीय शिक्षण विभाग ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५५), **शोधविधि** दो.सं. ललितपुरः साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९), **कथाको सिद्धान्त र विवेचना**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४** दो.सं. ललितपुरः साझा प्रकाशन ।

साहिँलो, खोलाघरे, (२०५७) **आज एउटा जुलुस निस्किँदै छ,** पाँचथर ।

- (२०६२) **जिजीविषा रिक्त/रिक्त**, पाँचथर ।
- (२०६३) **स्थापित/विस्थापित** झापा, नियात्रा प्रकाशन ।
- (२०६४) **पाँचथरका नारी हस्ताक्षर,** पाँचथर ।

सिंह, राधिका (सन् १९९५), **महादेवी वर्माके काव्यमे लालित्य योजना,** दिल्लीः दिल्ली नेसनल पब्लिसिङ हाउस ।